**सङ्क्रामक रोगबाट बचौं र बचाऔं ।**
- गर्मी मौसममा मलेरिया, कालाजार, डेङ्गु, हैजालगायतका विभिन्न सङ्क्रामक रोगहरू फैलिन सक्छन् ।
त्यसैले,
- सङ्क्रामक रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- सङ्क्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खानेकुरा नखाऔं,
- घरभित्र र वरपरको सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com

**जनहितमा जारी सन्देश**
- आफ्नो घर सफा राखेजस्तै आफ्नो शहर पनि सफा राखौं ।
- घर सफा भयो भने रोग लाग्दैन, शहर सफा भयो भने प्रदूषण हुँदैन, रोगवाहक कीरा-फटयाङ्ग्रा हुर्कँदैनन् ।
- सफा रहनु देवत्व हो, फोहर दानवी प्रवृत्ति हो ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ जेठ ३१ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 june 13 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २८१

## निकुञ्जलाई जनमैत्री बन्न जनप्रतिनिधिको सुझाव

माधव तिमल्सिना, ठोरी, ३० जेठ/

ठोरी गाउँपालिकाका



जनप्रतिनिधिहरूले राष्ट्रिय निकुञ्जको मौजुदा ऐन नियम जनमैत्री हुन नसक्दा विकास निर्माणमा समस्या भएको बताएका छन् ।

ठोरीका स्थानीयले अहोरात्र खटेर वन संरक्षण गरे पनि निकुञ्जको अव्यावहारिक ऐनका कारण जनतालाई नै निकुञ्जले सास्ती दिएको आरोप लगाएका छन् । ठोरी गापा-२ निर्मल-ठोरी मध्यवर्ती उपभोक्ता समितिले बुधवार आयोजना गरेको जैविक विविधता संरक्षणसम्बन्धी अन्तर्क्रिया कार्यक्रममा सहभागी जनप्रतिनिधिहरूले यस्तो धारणा व्यक्त गरेका थिए ।

कार्यक्रममा ठोरी गापाका अध्यक्ष लालबहादुर श्रेष्ठले संरक्षणमा नेपाली सेना र कर्मचारीभन्दा स्थानीय जनता बढी सक्रिय हुँदासमेत निकुञ्ज प्रशासनले कडाइ गर्दा जनतामा निकुञ्जप्रति नकारात्मक धारणा बन्दै गइरहेको बताए । उनले निकुञ्जको अव्यावहारिक नीति नियम र शैलीका कारण स्थानीय सरकारलाई मध्यवर्ती क्षेत्रका गाउँमा विकास गर्न नै कठिनाइ भएको दाबी गरे । कतै न कतै निकुञ्ज प्रशासनको कारण स्थानीयलाई समस्या भइरहेको बताउँदै अध्यक्ष श्रेष्ठले निकुञ्जसँग मिलेर काम गर्न पालिका तत्पर भएपनि निकुञ्जकै कारण करोडौंको पर्यटन विकासका बजेट फ्रिज भएको आरोप लगाए ।

अध्यक्ष श्रेष्ठले पर्सा र चितवन राष्ट्रिय निकुञ्जसँग सिमाना जोडिएको



तस्वीरः प्रतीक

भएपनि पालिकाको विकासमा निकुञ्ज नै बाधक बन्ने गरेकोमा दुःख व्यक्त गर्दै उनले आफ्नो स्वामित्वमा रहेको खेतबाट माटो झिक्नसमेत निकुञ्जलाई सोध्नुपर्ने अवस्था अत्यन्त दुःखद भएको बताए ।

उपाध्यक्ष गोकुलीकुमारी रेग्मीले ठोरीका स्थानीयले लामो समयदेखि संरक्षणमा प्रतिबद्ध भएर काम गर्दा पनि स्थानीयले वन पैदावार र गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थको प्रयोग सहज ढङ्गले गर्न नपाउनु दुःखद भएको बताइन् । कतिपय अवस्थामा स्थानीय सरकारले पर्यटन प्रवर्द्धनका लागि कार्यक्रम गर्न खोज्दासमेत निकुञ्ज बाधक बन्ने गरेको उनको भनाइ थियो ।

ठोरी गापा-२ का अध्यक्ष अमृतकृष्ण सापकोटाले मध्यवर्ती क्षेत्र संरक्षणमा लागेको लामो समय भएपनि निकुञ्जको वनपैदावार र नदीजन्य पदार्थको उपभोगमा जनताले सास्ती भोग्नुपरेको गुनासो गरे । करोडौंको सम्पत्ति बगेर भारत जाँदासमेत निकुञ्जको अव्यावहारिक नीतिनियमकै कारण अब निकुञ्जविरुद्ध नै आन्दोलन गर्नुपर्ने स्थिति आइपरेको उनको भनाइ थियो ।

कार्यक्रममा चितवन राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत मधु नेपाली, रेन्जरलगायतले मन्तव्य राखेका थिए ।

ताल कार्यक्रमको सहयोगमा निर्मल ठोरी मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष बालकुमार बस्नेतको अध्यक्षतामा सम्पन्न कार्यक्रममा एमाले ठोरीका अध्यक्ष खगेन्द्र श्रेष्ठ, निर्मल-ठोरी उपभोक्ता समितिका सदस्यहरू, सामुदायिक वनका प्रतिनिधिहरू, नेपाली सेनालगायत संरक्षणाकर्मीहरूको सहभागिता थियो ।

## पर्साको ग्रामीण क्षेत्रमा एक सातादेखि विद्युत् ठप्प



तस्वीरः प्रतीक

प्रमोद यादव, पंचगावाँ, ३० जेठ/

गत साता आएको हावाहुरीले पर्साका विभिन्न क्षेत्रमा विद्युत् पोल ढालेपछि ग्रामीण क्षेत्रहरूमा एक सातादेखि विद्युत् आपूर्ति ठप्प भएको छ । एक सातादेखि विद्युत् नहुँदा ग्रामीण जनजीवन अस्तव्यस्त भएको छ ।

विद्युत् नहुँदा कुटानी, पिसानी मिल बन्द भएका छन् भने ग्रामीण क्षेत्रका बैंक, कार्यालय, वित्तीय संस्था र अस्पतालको कामकाज ठप्प भएको सखुवाप्रसौनी गाउँपालिकाकाका विनोद यादवले बताए ।

पर्सागढी नगरपालिकाका बागेश्वरी तिरौना, चैनपुर टिकुलिया, एकटाँगा, [illegible]प्रसौनी गापाको सखुई जमुनिया, [illegible]रिया, श्रीपुर पंचगावाँ, रामभौरी, घुसुकपुर, पटेर्वासुगौली गापाका रङपुरटाँडी, बङ्कुल, थरघटी, बैजनाथपुर, चापीलगायत स्थानमा एक सातादेखि विद्युत् नभएको पंचगावाँका रामकिशोर चौधरी थारूले बताए । विद्युत् नहुँदा इन्टरनेट र मोबाइल सेवासमेत प्रभावित भएका छन् । ग्रामीण बासिन्दाहरूले मोबाइलसमेत चार्ज गर्न नसक्दा सूचना तथा मनोरञ्जनको साधनबाट वञ्चित भएका छन् ।

नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्रको ढिलासुस्ती र चरम लापरवाहीके कारण एक साता बितिसक्दा पनि विद्युत् आपूर्ति सहज भएको छैन ।

पोखरिया वितरण केन्द्रका प्राविधिक कुलदीप प्रसादले एक साता पहिला आएको हावाहुरीले १०० भन्दा बढी पोल र तारमा क्षति पुऱ्याएको कारण विद्युत् आपूर्ति ठप्प भएको बताए । उनले मर्मतसम्भार कार्य भइरहेकाले अझै दुई/तीन दिन विद्युत् आपूर्ति नहुने बताए ।

नेपाल विद्युत् प्राधिकरण वीरगंज वितरण केन्द्रका प्रबन्धक अवधेश दुबेले वीरगंज महानगरसहित पर्सागढी, बहुदरमाई, पोखरिया नगरपालिका र पटेर्वासगौली, जीराभवानी, विन्ध्यवासिनी गाउँपालिकामा सबैभन्दा बढी क्षति भएको बताए । जेठ २५ गते आएको हावाहुरीले यो क्षेत्रमा सबैभन्दा बढी विद्युत् पोलहरू ढलेका र सोको मर्मत कार्य जारी रहेको उनले बताए ।

वीरगंज महानगर-२९, रतनपुर र वडा नं २८ को लालपर्सामा पोल जडान गर्ने क्रममा स्थानीयले अवरोध गरेपछि काम अगाडि बढ्न नसकेको उनले बताए । उनले मर्मतसम्भार कार्यमा अहिले ७०-८० जना कर्मचारी निरन्तर खट्दै आएको बताए ।

यता स्थानीयले भने विद्युत् प्राधिकरणमा ठेकेदारहरू हाबी भएका र उनीहरूले गर्दा काममा ढिलासुस्ती भएको आरोप लगाएका छन् । पोल गाड्ने, तार जडान गर्ने ठेक्का लिएका ठेकेदारहरूले काममा ढिलासुस्ती गरेका र उनीहरूकै कारण विद्युत् प्रवाहमा समस्या भएको आरोप लगाएका छन् । एक सातादेखि अँध्यारोमा बसेको, गर्मीमा विद्युत् नहुँदा ठूलो समस्या झेल्नुपरेको स्थानीयले बताएका छन् । यता जेठ २५ गतेको आँधीहुरीले पर्सा जिल्लामा इन्टरनेट सेवा पनि प्रभावित भएको छ । इन्टरनेट सेवाप्रदायक कम्पनीले अहिलेसम्म अवरोध हटाएर सेवा सुचारु गर्ने काम शुरू नगरेको स्थानीयको गुनासो छ ।

## विश्व रक्तदाता दिवसमा रक्तदाता र सहयोगी सम्मानित हुने

प्रस, वीरगंज, ३० जेठ/

रक्तदाता समूह (ब्लोदान) वीरगंजले विश्व रक्तदाता दिवसको अवसरमा जेठ ३२ गते रक्तदान गर्ने सङ्घसंस्था, व्यक्तिहरूलाई सम्मान गर्ने भएको छ ।

बुधवार पत्रकार सम्मेलनको आयोजना गरी ब्लड डोनर्स एशोसिएशन, पर्साका अध्यक्ष शत्रुघ्न नेपालले २०८० वैशाखदेखि २०८१ वैशाख मसान्तसम्म ५० पटकभन्दा बढी रक्तदान गरेका सङ्घसंस्था, व्यक्तिहरू ८१ जना, आकस्मिक रक्तदान गर्ने ५४ जना र रक्तदान कार्यक्रमको लागि आर्थिक सहयोग गर्ने व्यक्ति तथा पालिकाहरू १७ समेत १५२ जनालाई सम्मानित गर्ने बताए ।

उनले गत वर्ष त्रिदिवसीयरूपमा विश्व रक्तदाता दिवस मनाउँदै आएको तर यसपटक अत्यधिक गर्मीका कारण सम्मान कार्यक्रम मात्र गरेर दिवस मनाउने बताए ।

पत्रकार सम्मेलनमा २०८० वैशाखदेखि २०८१ वैशाखसम्म १४ हजार ५८३ पिन्ट रक्त सङ्कलन भएको र १६ हजार ३०३ पिन्ट रक्त वितरण भएको जानकारी दिइएको थियो । यस अवधिमा १३ हजार ६१४ जना पुरुष र एक हजार २९ जना महिला सहभागी भएको जानकारी दिइयो । यसैगरी, यस अवधिमा सबैभन्दा बढी साताव्यापी कार्यक्रम गरेर राउन्ड टेबुलले ४६५ पिन्ट, इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीले ३०० र रेडियो वीरगंजले २४५ पिन्ट रगत सङ्कलन गरेको उल्लेख गरिएको थियो ।

यसैगरी, यस अवधिमा दुईजना व्यक्ति र पर्सा, बारा, रौतहट गरी १५ वटा गापा, वडापालिकाले गरीब,



तस्वीरः प्रतीक

असहायहरूको लागि निश्शुल्क रगत उपलब्ध गराउन आर्थिक सहयोग गरेको जानकारी गराइएको थियो ।

पत्रकार सम्मेलनमा एशोसिएशनका सचिव अरविन्द सिंह, शिवप्रसाद गुप्ता, रक्तसञ्चार केन्द्रका राजन रौनियार, नेपाल पत्रकार महासङ्घ पर्साका उपाध्यक्ष युवराज खड्का, प्रेस चौतारी नेपाल पर्साका अध्यक्ष तुलसी भण्डारी, प्रेस सङ्गठन पर्साका अध्यक्ष शम्भुकुमार सुमन, बानका आशिक अन्सारीलगायतको सहभागिता थियो ।

## परवानीपुर गापा-५ बहुअरीमा सडक विस्तार शुरू



तस्वीरः प्रतीक

प्रस, परवानीपुर, ३० जेठ/

परवानीपुर गाउँपालिकाले बुधवारदेखि वडा नं ५ बहुअरीमा सडक विस्तार कार्य शुरू गरेको छ ।

गापाले चालू आवमा सो सडकखण्ड निर्माणको लागि ८० लाख रकम विनियोजन गरेपछि सडक तथा नाला निर्माण कार्य अगाडि बढेको गापा अध्यक्ष रामक्षत्रीप्रसाद कुर्मीले बताए ।

उनले करीब एक किलोमिटर सडक, नाला निर्माण हुन लागेको र सो क्षेत्रमा आजदेखि अतिक्रमण हटाउने कार्य शुरू भएको बताए । उनले पटकपटक सूचना गरी अतिक्रमण हटाउन आग्रह गरिएकामा अटेर गर्नेविरुद्ध बुधवारदेखि डोजर लगाएर अतिक्रमण हटाउन शुरू गरिएको बताए । उनले एकै दिनमा करीब सात सय मिटर अतिक्रमण हटाइएको र बाँकी अतिक्रमण एक साताभित्र हटाउने सहमति भएको बताए ।

बहुअरीमा साबिक १६ देखि १८ फिट चौडाको सडक भएकोमा त्यसलाई विस्तार गरेर २० फिट चौडा सडक र सडकको दुवैतर्फ पाँच/पाँच फिटको नाला निर्माण गर्ने योजना रहेको उनले बताए । सडक निर्माणको क्रममा आज केही व्यक्तिहरूले एक किलोमिटर सडक, नाला निर्माणको लागि विनियोजित रकम कम भएको र एकैपटक सबै सडकखण्ड खाली गराउँदा काम पूरा नभएर आधा अधूरो हुने भन्दै बजेटको पूर्णरूपमा व्यवस्था गरेर अतिक्रमण हटाउन सुझाव दिएका थिए ।

अध्यक्ष कुर्मीले एक साताभित्र अतिक्रमण नहटाइए प्रहरी प्रशासन लगाएर अतिक्रमण खाली गराउने चेतावनी दिएका छन् । उनीसँगै वडाध्यक्ष रामेश्वर कलवारलगायतका जनप्रतिनिधिहरू अतिक्रमण हटाउन सक्रिय थिए ।

**हार्दिक समवेदना**



जन्मः
२०२४/१०/१३

स्वर्गारोहणः
२०८१/०२/२२

स्व. नारायणप्रसाद महतो

हाम्रा मित्र एवं एभरग्रीन इङ्गलिश सेकेन्ड्री स्कूलका संस्थापक प्रधानाध्यापक **नारायणप्रसाद महतो**को असामयिक स्वर्गारोहण भएकोमा हामी अत्यन्त मर्माहत भएका छौं । दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**राजेश अधिकारी / विजिता अधिकारी**
**वीरगंज**

**विचारसार एवं सूक्तिहरू**

**हाम्रो व्यवहार र शब्दले नै मानिसलाई मित्र र शत्रु बनाउँछ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# बोल्नुभन्दा गर्नु जाती

**नारायणी अस्पताल वीरगंजमा जेठ २९ गते स्वास्थ्यमन्त्री प्रदीप यादवले निरीक्षण गर्दै अस्पतालको स्तरोन्नतिका लागि आवश्यक सबै काम गर्ने प्रतिबद्धता जनाए। उनले अस्पतालमा आवश्यक उपकरणहरूको सूची तयार गरी अन्य आवश्यक समस्याहरूबारेमा जानकारी गराउन र सोअनुरूपको सेवा सुविधाहरू उपलब्ध गराउने वचनबद्धता जाहेर गरे। भनिन्छ, लिखितम्को अगाडि बकतम् चल्दैन । तर अहिले नेपालका सत्ताधारीहरू लिखितम्भन्दा बकतम्मा अगाडि छन्। भर्खरै सरकारले नीति तथा कार्यक्रमसँगै बजेट जारी गरेको छ । बजेटमा नारायणी अस्पतालको स्तरोन्नतिका लागि बजेट विनियोजन गरिएको छैन । चालू आवको अहिले अन्तिम महीना चलिरहेको छ र बजेट विनियोजन नभएकोले नारायणी अस्पतालमा थप सेवाहरू विस्तार हुँदैनन् । चालू आवको यस्तो अवस्था छ भने आगामी आवको बजेटमा यो अस्पतालको लागि बजेट विनियोजन नभएकोले मन्त्री महोदयको कुरा सुन्नमा राम्रो लागे पनि कार्यान्वयन हुने कुरामा आशङ्का नै छ। नारायणी अस्पताल अहिलेसम्म कानूनीरूपमा सय शय्याको मात्र रहेको छ तर यो अस्पतालले लामो समयदेखि साढे तीन सय शय्याको सेवा प्रदान गर्दै आइरहेको छ। २०४६ सालमा सय शय्याको अस्पतालका लागि आवश्यक दरबन्दी अनुसार १९४ जनाबाट अहिलेसम्म अस्पताल सञ्चालन हुँदै आएको छ ।**

**अस्पताललाई नपुग जनशक्ति अस्पताल विकास समितिले करार, दैनिक ज्यालादारीमा ठूलो सङ्ख्यामा प्राविधिक र प्रशासनिक कर्मचारीहरू बहाल गर्दै सेवा प्रदान गर्दै आएको छ । तर यसरी कर्मचारी बहाल गरिंदा सरकार, मन्त्री परिवर्तनसँगै अस्पताल विकास समितिको अध्यक्ष र मेसु पनि परिवर्तन हुने र करारका कर्मचारीहरूको करार अवधि थप नहुने अनि दैनिक ज्यालादारीका कर्मचारीहरू हटाउने र आफ्नो अनुकूल भर्ना गर्ने परम्परा पनि छ । यसपटक एमाले–माओवादी समीकरणको सरकारमा जसपा नेपालबाट उपप्रधान एवं स्वास्थ्यमन्त्री बनेका पार्टी अध्यक्ष उपेन्द्र यादव राजनीतिक तालमेल नमिलेर हट्नुपऱ्यो र उनकै दल फुटाएर जसपामा आबद्ध प्रदीप यादव स्वास्थ्यमन्त्री बने। उनी मन्त्री हुनासाथ नारायणी अस्पतालबाट ४७ जना कर्मचारी हटाइए। दैनिक ज्यालादारीका प्राविधिक, प्रशासनिक र सफाइकर्मीहरू हटाइएपछि अहिले अस्पतालबाट प्रवाह हुने डायलाइसिस, मुटु परीक्षणका लागि क्याथ ल्याब, सर्जिकल, मेडिकल, दन्त, आँखा, बाल बहिरङ्ग, बर्न र प्रसूतिलगायतका सेवाहरू प्रभावित भएका छन् ।**

**नयाँ कर्मचारीहरू नियुक्त गरिएका छैनन्। अवरुद्ध पूर्ववत् सेवाहरूलाई सञ्चालन गर्ने जिम्मेवारी वहन गरिएको छैन । सरकारले पाँच सय शय्या निर्माणको प्रक्रिया अगाडि बढाउँदा विवादका कारण पाँच वर्षदेखि सर्वोच्च अदालतमा मुद्दा विचाराधीन छ। मुद्दा विचाराधीन भएकोले पाँच सय शय्याको अस्पताल निर्माण हुन सकेको छैन । यो मुद्दालाई चाँडो निपटारा गरेर संरचना निर्माणतर्फ पहल भएको छैन। मन्त्री [redacted]कबाट निपटारा लगाउने आश्वासन [redacted] वर्षको अवधिमा यो काम किन [redacted]वाहदेहिता देखाएनन् । आश्वासन [redacted]र देखाएको खण्डमा जनविश्वास [redacted]हादुरभन्दा गरबहादुर भए प्रतिफल [redacted]**

# उफ् ! यो गर्मी र विपन्न समुदाय



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**ग्रामीण किसानहरूले गर्मीको कठिन दिन अब बिस्तारै कम हुँदै गइरहेको बुझिरहेका छन् । ब्याडमा धानको बेर्ना उम्रिँदै र हुर्किँदै गरिरहेको देखेर अब केही दिनमा रोपाइँको कल्पना गर्दै किसानहरूले अभ्यन्तरमा शीतलताको अनुभूति गरिरहेका छन् ।**

अहिले गर्मी उत्कर्षतिर छ । हरेक दिन तापक्रम ४० डिग्रीको हाराहारीमा रहन थालेको छ। कुनै दिन अझ अलिकति माथि पारा चढ्छ। कुनै दिन अलिकति तल झर्छ । कुनै दिन हावा चल्छ । कुनै दिन हावा चल्दैन। कुनै दिन तातो हावा चलेर झन् उखरमाउलो गर्मी बनाइदिन्छ । कुनै दिन अलिकति कम घाम लागेको जस्तो त देखिन्छ तर गर्मी भने कम हुँदैन । कुनै दिन घामसँगै हावा पनि चलेको हुन्छ। यसरी हरेक दिनले गर्मीसँगै आफ्नो पृथक स्वरूप देखाइरहेको छ। हुनत यो गर्मीको मौसम हो। गृष्म ऋतु पनि हो। अहिले गर्मी नभए कहिले होला ? गर्मीमा गर्मी त हुनुपर्छ पनि । गर्मी भएन भने वर्षा हुँदैन भनिन्छ तर पनि जसले गर्मी भोग्नुपर्छ, उसलाई गर्मीले कति छटपटी पारेको छ भन्ने थाहा हुन्छ।

गर्मी व्यक्तिगत अनुभूति मात्र होइन। वातावरणमा समानरूपमा रहने सबैलाई समान नै अनुभूति हुन्छ। तर भोगाइको तरीका भने पृथक हुन सक्छ । गर्मीको यो उत्कर्ष मौसममा यदि कसैको घर, कार्यालय तथा गाडीमा एसी जडान गरिएको छ भने धेरै प्रभाव पारेको जस्तो लाग्दैन । यदि काम गर्ने थलोमा पनि मौसम अनुकूल चीसो वा तातो बनाउने छ भने धेरैलाई राम्रो हुन्छ। घरमा पनि त्यही अनुकूल वातावरण हुँदा मानिसलाई खासै गर्मीको अनुभूति हुँदैन तर सामान्य शहरी नागरिक र विपन्न समुदायलाई गर्मीले पार्नुसम्म अप्ठ्यारो पारेको हुन्छ र छ पनि। सामान्य अर्थात् मध्यम वर्गको लागि गर्मी महीना निकै कष्टकर भइरहेको छ । एकाबिहानै घाम चर्केर गर्मीले कतै निस्कन नहुने बनाइदिएर जीवनलाई अत्यन्त पीडादायी बनाएको देखिन्छ । घाम यति हुन्छ कि घाममा काम गर्दा टाउकोमा गम्छाले बेरेको भए पनि फुटलाजस्तो हुन्छ । सामान्य नागरिकले काम गर्ने प्रत्येक थलोमा पानीको व्यवस्था हुन्छ नै भन्ने होइन । राम्रोसित खानेपानीको व्यवस्था नहुँदाको अवस्थामा अहिलेको गर्मी र घाममा कसैलाई काम गर्न अत्यन्त पीडाको अवस्था हुने गरेको छ र यस्तो पीडामा पर्ने समुदाय भनेकै विपन्न समुदाय हो।

अत्यधिक गर्मी भएपछि धेरै ठाउँमा विद्यालय नै बन्द गरिएको छ। कतिपय ठाउँमा समय परिवर्तन गरेर पढाइ भइरहेको छ। कतिपयले समय कटौती र विद्यालय बन्दको विरोध गरिरहेका छन् । घरमा बस्दा पनि गर्मी हुन्छ र विद्यालयमा बस्दा पनि गर्मी नै हुन्छ अर्थात् बिदा दिएपछि गर्मी कम हुँदैन भने किन बिदा दिने ? यस किसिमको प्रश्न उठाउन थालिएको छ तर यसमा विचार गर्नुपर्ने कुरा यो छ कि विद्यालयमा एउटा कोठामा ५० देखि सयौंजनासम्म बस्नुपर्ने हुन्छ । हावा चलेको हुँदैन र पङ्खाले राम्ररी काम गरेको छैन भने त्यस्तो कोठामा पढ्न बसेको बालबालिकाको अवस्था कस्तो हुन्छ ? के तिनीहरूले अक्सिजन राम्ररी पाइरहेका हुन्छन् त ? हरेक सामुदायिक विद्यालयमा पङ्खाको व्यवस्था छ नै भन्ने होइन। अझ कतिपय विद्यालयको छानो टिनको रहेको छ । राम्रोसित हावा आरपार नहुने कोठामा कैयौं दर्जन कोच्चिएर बस्नुपर्दा गर्मी चर्केको दिन विद्यार्थीहरू मूर्छित हुने गरेका पनि सुनिन्छन्। यही अवस्था संस्थागत विद्यालयमा हुँदैन । यसैले कतिपय विद्यालय चाहिं अत्यधिक गर्मी भएपछि बन्द गरिदिने चलन रहेको छ। आखिरमा एक वर्षमा विद्यालयले दिनुपर्ने बिदा भनेको ४५ दिन हो । यही बिदालाई गर्मी, वर्षा वा जाडो जहाँ मिलाएर पटकपटक वा एकैपटक जसरी अनुकूल पर्छ, त्यसरी दिएको राम्रो। अहिले गर्मी निकै चर्केपछि धेरैले वर्षे बिदाबाट कट्टा हुनेगरी विद्यालयमा विद्यार्थीका लागि बिदा दिइएको अवस्था रहेको छ । विद्यालयमा बिदा दिइनुको मूल कारण अत्यधिक चर्को गर्मी हुनु हो।

अत्यधिक गर्मी भएपछि बालबालिकालाई घरमा पनि अप्ठ्यारो नै हुन्छ तर घरमा हुँदा बालबालिकालाई यत्ति थाहा हुन्छ कि कुन ठाउँमा अलिकति हावा लाग्छ। वा कुन ठाउँमा खेल्न जाँदा साथीहरू पनि [illegible] शीतल पनि हुन्छ। गाउँमा बगैंचा, ठूलो बाँसघारी तथा यस्तै कुनै धेरै ठूलो रूखको मुनि बालबालिकाहरूको समूह खेलिरहेको भेटिन्छ । ठूलो रूख वा बगैंचामा तुलनात्मकरूपमा यत्तिकै अलिकति बढी शीतल हुन्छ वा अलिकति बढी शीतलताको अनुभव हुने हुन्छ । यो वास्तविकता पनि हुन सक्छ वा मनोवैज्ञानिक प्रभाव तर बगैंचातिर के साना र के ठूला सबै उमेरका मानिसहरूको आकर्षण रहेको हुन्छ । मुख्यगरी निम्न वर्गका मानिसहरू अत्यधिक गर्मीको समयमा आसपासका रूख रोज्छन्, शीतल छहारी खोज्छन् । हुनेखानेहरूले त गाउँमा पनि एसी लगाउन थालेका छन्, अझ कतिपयले त आफ्नो गाडीको एसी खोलेर बस्ने गरेका छन्, केही बेरको लागि। नभए घरमा कुलर राखेका छन्। पङ्खाहरू खोलेर आफूलाई शीतल बनाउने प्रयास गर्छन् । अनेक किसिमका पेय पदार्थहरूको सेवन गरी शीतलताको अनुभूति गर्दै गर्मीलाई कटाइरहेका हुन्छन् तर विपन्न समुदायको अगाडि भने यस किसिमको सुविधा वा छुटको अवस्था हुँदैन। यस कारण कुनै रूखको तल शीतल छहारीमा गम्छा बिछ्याएर त्यसैमा आराम गरिरहेका हुन्छन् । वास्तवमा समय पास गरेका हुन्। गर्मी छलेका हुन् । प्राकृतिक वातावरणमा गर्मी छल्ने विपन्न समुदाय गर्मीका अगाडि निरीह हुन्छ।

*स्वतन्त्र विचार*

गर्मीले सबैभन्दा बढी समस्या महिलालाई हुन्छ । महिला अझ यदि सुत्केरी छन् वा साना छोराछोरी छन् भने अझ धेरै गम्भीरतापूर्वक जिम्मेवारी निर्वाह गर्नुपरिरहेको हुन्छ । गर्मीको अत्यन्त कडा प्रकोपबाट आफूलाई जोगाउँदै आफ्ना सन्तानलाई आमाले जोगाउनुपरेको हुन्छ । यही परिवेशमा भातभान्साको काम पनि गर्नुपर्ने हुन्छ । एक त गर्मीले घरभित्र बस्न नसकिने अवस्था हुन्छ, त्यसमा पनि आगोको छेउमा बसेर सबैको लागि खाना पकाउनु, खुवाउनु र भाँडा माझ्नुपर्ने हुन्छ । वास्तवमा भान्साको काम, अहिलेको चरम गर्मीको समयमा, कुनै युद्धमा काम गर्नु सरह नै रहेको छ। गर्मीको मौसममा बिहे भएर आएकी विपन्न समुदायकी बुहारीलाई पनि त्यत्तिकै अप्ठ्यारो हुन्छ। घरबाट बाहिर निस्कन नहुने चलन र गर्मीले घरभित्रका मानिसलाई बढी सताउने हुन्छ । यसरी दोहोरो गर्मीको मारमा नयाँ बुहारीहरूको दैनिकी चलिरहेको हुन्छ । जुनसुकै अवस्थामा होओस्, जतिसुकै कठिन किन नहोओस्, हरेक मानिसले खाना त खानुपर्छ। खाना त पकाउनुपर्छ । कुनै दिन यस्तो हुन्छ, बाहिर वा भित्र कतै हावा चलिरहेको हुँदैन। अलिकति पनि पात हल्लिइरहेको हुँदैन, पूरै हप्प हुन्छ, त्यस समयमा पनि गृहिणीहरू गर्मीसित जुध्दै भातभान्साको काम गरिरहेका हुन्छन्। यस्तो अवस्थामा मुख्यगरी ग्रामीण विपन्न समुदाय भगवान्लाई गुहारिरहेका हुन्छन् । भगवान्ले किन यत्ति धेरै गर्मी गरेका हुन्, जसबाट विपन्न समुदायलाई बाँच्न कठिन भइरहेको छ।

हरेक कठिन दिन कटेर जान्छ भन्ने विश्वास छ विपन्न समुदायलाई । जब धेरै गर्मी हुन्छ, तब गरीबहरू महीना र मौसमको दिन गन्न थाल्छन् । अब यो कठिन दिन यत्ति दिन मात्र छ । यत्ति दिनपछि त पानी पर्न शुरू भइहाल्छ। यो कठिन दिनमा पनि यत्ति कटिइ नै सक्यो। यसरी मनोवैज्ञानिकरूपले आफूलाई आश्वस्त पार्दै विपन्न समुदायले गर्मीलाई काटिरहेका हुन्छन् । गर्मीको जतिसुकै बेफाइदा भएपनि एउटा कुरा के सजिलो हुन्छ भने सर्वसाधारण गरीबहरू जहाँ पनि सुत्न सक्छन् । भुइँमा गम्छा बिछ्याएर हरियो घाँसमा पल्टिंदा धनीहरूलाई लोभ लाग्छ। रातमा घरको अगाडि, बरन्डामा अथवा सडकको छेउमा एउटा सुकुल ओछ्याएर त्यसैमाथि सुतेर रात काट्न सक्छन् । दिउँसो चिरिक्क चर्केको गर्मीमा पनि कसैको बगैंचामा पुगेर भुइँमा बसेर वा पल्टेर समय काटिरहेका हुन्छन्। यस किसिमको सुविधा वा छुट कुनै पनि गाउँका धनीका लागि भने हुँदैन । शहर बजारका धनी मानिसले एसी लगाउन सक्छन् तर यस किसिमका मानिसको मनमा पनि ग्रामीण विपन्नको प्राकृतिक जीवन राम्रो हो भन्ने परिरहेको हुन्छ । बाध्यात्मक अवस्था नै सही, तर ग्रामीण विपन्न समुदायलाई प्राकृतिक, खुल्ला वातावरणमा अक्सिजन लिंदै गर्मी कटाउने सुविधा भने हुन्छ।

ग्रामीण किसानहरूले गर्मीको कठिन दिन अब बिस्तारै कम हुँदै गइरहेको बुझिरहेका छन् । ब्याडमा धानको बेर्ना उम्रिंदै र हुर्किंदै गरिरहेको देखेर अब केही दिनमा रोपाइँको कल्पना गर्दै किसानहरूले अभ्यन्तरमा शीतलताको अनुभूति गरिरहेका छन्।

# ७८ प्रतिशत वडाको मुख्य आम्दानीको स्रोत भूमि र मालपोत कर

काठमाडौं, ३० जेठ/रासस

राष्ट्रिय तथ्याङ्क कार्यालयले बुधवार सार्वजनिक गरेको राष्ट्रिय जनगणना २०७८ को सामुदायिक प्रश्नावली अन्तर्गतको नतीजा अनुसार अधिकांश वडाको आम्दानीको स्रोत भूमि र मालपोत कर देखिएको छ।

देशभर कुल छ हजार ७४३ वडा रहेकामा पाँच हजार २९४ वडा अर्थात् ७८ दशमलव पाँच प्रतिशतको मुख्य राजस्वको स्रोत भूमि तथा मालपोत कर रहेको तथ्याङ्क कार्यालयले जनाएको छ। प्रमुख राजस्व स्रोतका रूपमा सेवा दस्तुर चार हजार ५५८ वडा अर्थात् ६९ दशमलव एक प्रतिशत बराबर रहेको छ। सम्पत्ति कर तीन हजार ६०८ अर्थात् ५३ दशमलव पाँच, व्यवसाय कर तीन हजार ५६० वडा अर्थात् ५२ दशमलव आठ प्रतिशत रहेको देखिएको छ ।

घरबहाल कर दुई हजार २१५ वडा अर्थात् ३२ दशमलव आठ र घरजग्गा रजिस्ट्रेशन कर दुई हजार १६९ अर्थात् ३२ दशमलव दुई प्रतिशत रहेका छन् । दण्ड जरिवाना, सवारीसाधन, मनोरञ्जन र अन्य करसमेत रहेका छन्।

तथ्याङ्क कार्यालयको प्रतिवेदन अनुसार देशभरका दुई हजार नौ सय अर्थात् ४३ प्रतिशत वडामा गैरकृषि उत्पादन हुने गरेको देखिएको छ। गैरकृषि उत्पादन सबैभन्दा बढी हुने प्रदेशमा गण्डकी ५१ दशमलव आठ र बाग्मती ४६ दशमलव आठ प्रतिशत रहेको छ। वडाबाट हुने निकासीको अवस्था हेर्दा सबैभन्दा धेरै नदीजन्य वस्तुको निकासी हुने गरेको देखिन्छ । वडाबाट निकासी हुने वस्तुमा नदीजन्य उत्पादनले पहिलो स्थान अर्थात् ५२ दशमलव सात प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ। वडाहरूले बढी निकासी गर्ने वस्तुमा दोस्रो, तेस्रो र चौथो स्थानमा क्रमशः औद्योगिक वस्तु १२, काठ–दाउरा ११ दशमलव आठ र माटो/इँटा पाँच दशमलव छ प्रतिशत रहेका छन्।

प्रदेश तहको तथ्याङ्क अनुसार सातवटै प्रदेशमा नदीजन्य उत्पादनले पहिलो स्थान लिएको छ। दोस्रो र तेस्रो स्थानमा भने प्रदेश अनुसार काठजन्य, औद्योगिक वस्तु, माटो/इँट्टा, मसलाजन्य वस्तु र जडीबुटीले लिएको देखिन्छ।

कार्यालयको प्रतिवेदन अनुसार देशभरका ३१ दशमलव सात प्रतिशत वडामा मात्र सार्वजनिक शौचालय सुविधा रहेको देखिएको छ भने बाँकी ६८ दशमलव तीन प्रतिशतमा सार्वजनिक शौचालय छैन।

सबैभन्दा धेरै ४९ दशमलव पाँच प्रतिशत सार्वजनिक शौचालय गण्डकी प्रदेशमा पाइयो भने सबैभन्दा कम ३१ दशमलव एक प्रतिशत सुदूरपश्चिम प्रदेशमा रहेको देखिन्छ। स्थानीय सरकार र राज्यको खुला दिसामुक्त अभियानको प्रभावकारिता न्यून देखिंदा पर्याप्त सार्वजनिक शौचालय निर्माण हुन नसकेको देखिएको हो। वधशालालाई शहरी क्षेत्रको सरसफाइ र स्वास्थ्य सचेतनाका दृष्टिले महत्त्वपूर्ण पूर्वाधार मानिन्छ। देशभरका कुल वडामध्ये केवल नौ दशमलव एक प्रतिशतमा मात्र वधशाला रहेको छ । वधशालाको सङ्ख्या लुम्बिनी र बाग्मतीका करीब १० प्रतिशत वडामा मात्र रहेको देखियो भने सुदूरपश्चिममा करीब सात प्रतिशत वडामा मात्र रहेको देखियो। औसतमा नेपालका ९१ प्रतिशत वडामा वधशाला रहेको देखिएन।

देशभरका छ हजार ७४३ वडामध्ये प्रहरी कार्यालय चौकी दुई हजार ४७५ वडा अर्थात् ३६ दशमलव सात प्रतिशतमा रहेको छ । कुनै पनि प्रहरी कार्यालय चौकी नभएका वडा ६३ दशमलव तीन प्रतिशत छन् । देशभरमा चार हजार २६८ वडामा प्रहरी कार्यालय चौकी नभएको देखिन्छ।

देशभरमा वृद्धाश्रमको सुविधा भएको वडाको सङ्ख्या ४३७ अर्थात् छ दशमलव पाँच प्रतिशत छन्। देशभरमा कुनै पनि वृद्धाश्रमको सुविधा नभएका वडा छ हजार ३०६ अर्थात् ९३ दशमलव पाँच प्रतिशत छन् । प्रदेश अनुसार सबैभन्दा बढी बाग्मती प्रदेशका नौ दशमलव नौ प्रतिशत अर्थात् १११ वडामा वृद्धाश्रमको सुविधा छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा पाँच दशमलव चार प्रतिशत अर्थात् ३९ वडामा वृद्धाश्रमको सुविधा रहेका छन्।

देशभरमा बालगृहको सुविधा भएको जम्मा वडा ४३१ अर्थात् ६४ प्रतिशत छन्। देशभर कुनै पनि बालगृहको सुविधा नभएका वडाको सङ्ख्या छ हजार ३१२ अर्थात् ९३ दशमलव छ प्रतिशत छन् । व्यवस्थित शवदाहस्थल/शव गाड्ने स्थलको सुविधा भएको वडा देशभरमा एक हजार ७९० वडा अर्थात् २६ दशमलव पाँच प्रतिशत छन्।

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# प्राधिकरणद्वारा अत्याधुनिक 'डेटा सेन्टर' सञ्चालन

काठमाडौं, ३० जेठ/रासस

नेपाल विद्युत् प्राधिकरणले अन्तर्राष्ट्रियस्तरको अत्याधुनिक 'डेटा सेन्टर' सञ्चालनमा ल्याएको छ।




प्राधिकरणले भविष्यमा व्यावसायिक कम्पनीलाई समेत सेवा उपलब्ध गराउन सक्ने गरी काठमाडौंको स्युचाटारस्थित भारप्रेषण केन्द्रसँगै अत्याधुनिक सुविधासम्पन्न अन्तर्राष्ट्रियस्तको डेटा सेन्टर सञ्चालनमा ल्याएको हो।

'प्रि फेब्रिकेटेड कन्टेनर' प्रयोग गरी तयार गरिएको तीन तला भवनको भुइँ तलामा काठमाडौं उपत्यकाको भूमिगत विद्युत् वितरण प्रणाली अनुगमन, नियमन तथा नियन्त्रण र सुरक्षा सञ्चालन कक्ष रहेका छन्। पहिलो तलामा कार्यालय तथा नेटवर्क सञ्चालन कक्ष र सबैभन्दा माथिल्लो तलामा डेटा सेन्टर रहेको छ।

डेटा सेन्टरका लागि तोकिएको 'टियर-३' अन्तर्राष्ट्रिय मापदण्डलाई पालना गरी उक्त सेन्टर निर्माण गरिएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए। उनका अनुसार प्राधिकरणले आफ्नो सेवालाई आधुनिक बनाउने उद्देश्यलाई पूरा गर्न डिजिटल एनइए कार्यक्रम अन्तर्गत निर्माण गरेको यस किसिमको नमूना 'डेटा सेन्टर' नेपालमैं पहिलो हो।

डेटा सेन्टरमा प्राधिकरणका सूचना प्रविधिसँग सम्बन्धित सर्भरलगायत सबै डेटा एकीकृत भण्डार गरी क्रमशः राखिने कार्यकारी निर्देशक घिसिङले बताए। उनले डेटा सेन्टर सञ्चालनमा आएसँगै प्राधिकरणले डेटा भण्डारणका लागि आफ्नो छुट्टै 'प्राइभेट क्लाउड' बनाउन लागिरहेको जानकारी दिए।

कार्यकारी निर्देशक घिसिङले डेटा सुरक्षाका लागि नवलपरासीको सुनवलस्थित नयाँ बुटवल सबस्टेशनमा विपद् रिकभरी सेन्टर निर्माण गर्ने प्रक्रिया अगाडि बढेको उल्लेख गरे। उनका अनुसार उक्त रिकभरी सेन्टर निर्माण नहुन्जेल हाल प्राधिकरणको प्रधान कार्यालयमा रहेको पुरानो डेटा सेन्टरलाई रिकभरी सेन्टरका रूपमा सञ्चालन गरिनेछ।

सञ्चालनमा ल्याइएको नयाँ डेटा सेन्टरमा ४० वटा सूचना प्रविधि कक्ष रहेका छन्। तीमध्ये ३६ सर्भर र चारवटा नेटवर्क कक्ष रहेको प्राधिकरणले जनाएको छ। टियर ३ मापदण्डका लागि तोकिएका शर्तहरू पूरा गर्न आवश्यक ब्याकप (सञ्चित)सहितको अविच्छिन्न विद्युत् आपूर्ति (एन प्लस वान पावर सप्लाई), चिस्यान (कुलिङ), स्वचालित अग्नि नियन्त्रण, सिसिटिभी निगरानी, सञ्चालन तथा सुरक्षाको निगरानीलगायत व्यवस्था गरिएको छ। अविच्छिन्न विद्युत् आपूर्तिका लागि बहुवैकल्पिक व्यवस्था गरिएको छ।

स्थानीय तथा मुलुकको विद्युत् प्रणालीमा समस्या आएर विद्युत् आपूर्ति बन्द भएमा डेटा सेन्टरलाई सुरक्षितरूपमा सञ्चालन गर्न एक मेगावाट क्षमताका दुईवटा जेनेरेटर तयारी अवस्थामा राखिएको कार्यकारी निर्देशक घिसिङले बताए। तीन सय केभिए क्षमताका दुई थान मोडचुलर युपिएस जडान गरिएको छ। युपिएसको विश्वसनीयतालाई ध्यान दिएर लिथियम आयन ब्याट्री प्रयोग गरिएको भन्दै मर्मत सम्भार तथा उपकरण प्रतिस्थापन गर्दा सेन्टरलाई बन्द गर्नु नपर्ने उनको भनाइ छ।

प्राधिकरणको रत्नपार्कमा रहेको प्रधान कार्यालय र सेन्टरलाई जोड्न वैकल्पिक मार्गसहितको अप्टिकल फाइबर जडान गरिएको छ। प्राधिकरणको प्रधान कार्यालय र डाटा सेन्टरलाई टेकु र बालाजुतर्फबाट अप्टिकल फाइबरमार्फत जोडिएको हो। उक्त डाटा सेन्टरलाई २४ घण्टा सञ्चालन गर्न कर्मचारी खटाइएको छ।

डेटा सेन्टरका अतिरिक्त सेन्टरबाट काठमाडौं उपत्यकाको विद्युत् वितरण प्रणालीलाई स्वचालित बनाउन निर्माणाधीन भूमिगत वितरण प्रणालीलाई अनुगमन, नियमन र नियन्त्रण गर्न सकिने पूर्वाधार तथा संरचना निर्माण गरिएको छ। यसमा उपत्यकाका सबस्टेसन तथा स्वीचिङ स्टेशनहरू जोडिने कार्यकारी निर्देशक घिसिङले जानकारी दिए।

केन्द्रबाट ११ केभीभन्दा कम ग्राहकको घरसम्म पुग्ने विद्युत् वितरण प्रणालीको व्यवस्थापन, अनुगमन र नियन्त्रण गर्न सकिनेछ। डेटा सेन्टर परिसरमा तीनवटा विद्युतीय गाडी एकैपटक चार्ज गर्न मिल्ने गरी चार्जिङ स्टेशन पनि सञ्चालनमा ल्याइएको छ।

केन्द्र निर्माणका लागि चिनियाँ कम्पनी यानताई डोङफाङ विज्डम इलेक्ट्रिक कम्पनी लिमिटेडसँग सन् २०२१ जुलाईमा ठेक्का सम्झौता भई सोही वर्षको नोभेम्बरदेखि काम शुरू भएको थियो। सरकार तथा प्राधिकरणको लगानी र एशियाली विकास बैंकको सहुलियतपूर्ण ऋणमा निर्माण गरिएको सेन्टरको अनुमानित लागत करीब रु एक अर्ब ४० करोड बराबर रहेको प्राधिकरण कार्यालयले जनाएको छ।

# जसपा नेपालको अध्यक्षमा उपेन्द्र यादव निर्विरोध निर्वाचित

धनुषा, ३० जेठ/रासस

जनता समाजवादी पार्टी (जसपा) नेपालको केन्द्रीय अध्यक्षमा उपेन्द्र यादव निर्विरोध निर्वाचित भएका छन्।

पार्टी स्थापनाकालदेखि नै नेतृत्व गर्दै आएका यादव अहिले जनकपुरमा भएको राष्ट्रिय महाधिवेशनबाट पुनः अध्यक्षमा चयन भएका उनको सचिवालयले जानकारी दिएको छ। निर्वाचन प्रक्रिया अनुसार जसपा नेपालको नेतृत्व चयनका लागि उम्मेदवारी दर्ता भएको थियो। त्यसमा अध्यक्ष पदका लागि उपेन्द्र यादवको मात्र उम्मेदवारी परेपछि उनी निर्विरोध निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ।

अध्यक्षबाहेकका पदमा नेताहरूको उम्मेदवारी परे पनि नामावली भने सार्वजनिक भइसकेको छैन। मधेस प्रदेशको जनकपुरधामस्थित महेन्द्रनारायण निधि भवनमा जारी महाधिवेशनबाट २०१ सदस्यीय केन्द्रीय समितिका लागि आज बिहान ८:३० बजेदेखि उम्मेदवारी दर्ता कार्य भइरहेको निर्वाचन समितिले जनाएको छ।

महाधिवेशनबाट २०१ सदस्यीय केन्द्रीय कमिटी र २० सदस्यीय पदाधिकारी निर्वाचित हुनेछन्। त्यसमा अध्यक्ष एक, सहअध्यक्ष एक, उपाध्यक्ष पाँच, महासचिव दुई, उपमहासचिव तीन, सचिव सात र कोषाध्यक्ष एकजना चयन हुनेछन्।




**कोठीभीर र हिमशृङ्खलाः** रोल्पा सुनछहरी गाउँपालिका-३ को भूभागमा पर्ने कान्छी कोठीभीरबाट देखिने अन्य दुईवटा कोठीभीर र हिमशृङ्खलाको दृश्य। रोल्पा, प्युठान र बाग्लुङ जिल्लाको सिमानामा पर्ने कोठीभीर समुद्री सतहबाट तीन हजार तीन सय मिटरदेखि तीन हजार ६५९ मिटरसम्म फैलिएका तीनवटा चुचुरा छन्। तस्बिरः कुलदीप न्यौपाने/रासस

# 'पाप धुरीबाट कराउँछ' निजगढमा सामाजिक सञ्जालमा भाईरल

जीतलाल श्रेष्ठ, निजगढ, ३० जेठ/

आफूहरूलाई त्यस बेला पूर्वग्राही ढङ्गले जागीरबाट निकाल्नेसम्मको चेतावनी दिएको र त्यस बेला मानसिक तनाव बेहोर्नुपरेको पीडालाई अहिले भडासको रूपमा पोख्दै पीडित निजगढ नगरपालिकाका कर्मचारीहरूको 'पाप धुरीबाट कराउँछ' भन्ने स्टाटसले सामाजिक सञ्जालमा निजगढलाई तताएको छ। यो भडास निजगढ नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विमलकुमार पोखरेललाई लक्षित गरी स्टाटस लेखिएको पीडित कर्मचारीहरूले बताएका छन्।




भरत ताल निर्माणको आवरणमा सार्वजनिक सम्पत्ति हानि नोक्सानी गरी व्यापक भ्रष्टाचार गरेको अभियोगमा अख्तियार दुरूपयोग अनुसनधान आयोगले विशेष अदालतमा नगरप्रमुखसहित छजनाविरूद्ध मुद्दा दायर गरेको छ। तस्वीरः प्रतीक

साबिक आदर्श गाउँ विकास समिति निजगढमा वर्षौंदेखि कार्यरत कार्यालय सहायक विष्णुलाल श्रेष्ठ, धर्मराज लामिछाने, भगवती रिमाल, सोमसिंह बल र कार्यालय सहयोगीहरू टेकबहादुर घिमिरे, डम्बर न्यौपाने र शेरबहादुर कटुवालीलगायतका कर्मचारीहरूलाई कामबाट निकाल्न हरसम्भव प्रयास गरेका तत्कालीन निजगढ नपा हाल बाग्मती नगरपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत विमलकुमार पोखरेलमाथि सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरेको अभियोगसहित भ्रष्टाचार गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेपछि पीडित निजगढका कर्मचारीहरूले सामाजिक सञ्जालमा मनका भडास पोखेका हुन्।

त्यस बेला आफूहरूलाई गाविसबाट आएका कर्मचारी भन्दै विभेद गर्दै निकै मानसिक तनाव दिएको र त्यस बेला हामी सबैलाई जागीरबाट निकाल्न हरसम्भव प्रयास गरेको र अनावश्यक दुःख, मानसिक यातनालाई सम्झँदै त्यस बेला हामी पीडित सबैले एकरूपता हुनेगरी उक्त स्टाटस सामाजिक सञ्जालमा सार्वजनिक गरेको पीडित कर्मचारीहरूले बताएका छन्।

प्रमुख प्रशासकीय अधिकृत पोखरेलले त्यस बेला स्थानीय विकास मन्त्रालयका केही कर्मचारीलाई व्यक्तिगत प्रभावमा पारी दशकौंदेखि काम गर्दै आइरहेका गाविसका पुराना कर्मचारीहरूलाई जागीरबाट निकाल्ने नियतका साथ पूर्वाग्राही ढङ्गले मन्त्रालयबाट पत्र बनाएर ल्याइ दुःख दिने, तर्साउने गरेसँगै पीडित कर्मचारीहरूले त्यस पत्रको त्यसै बेला विरोधसमेत गरेका थिए। यदि मन्त्रालयले लागू गर्न भनेको भए उक्त पत्र सबै स्थानीय तहलाई सार्वजनिकरूपमा परिपत्र आउनुपर्थ्यो। तर प्रमुख प्रशासकीय अधिकृत पोखरेलले पूर्वाग्रहीरूपमा ल्याएको उक्त पत्र थियो, त्यस बेलाका पीडित कर्मचारी विष्णुलाल श्रेष्ठ, धर्मराज लामिछानेलगायतले भने।

प्रमुख प्रशासकीय अधिकृत पोखरेलको पूर्वाग्रही प्रतिशोधमा परेकी कर्मचारी भगवती रिमालले बढुवासम्बन्धी तत्कालीन पुनरावेदन अदालत हेटौंडामा मुद्दा दायर गरेपछि पीडित पुराना कर्मचारीहरूका हकमा समेत अदालतबाट निषेधाज्ञा जारी भएपछि प्रमुख प्रशासकीय अधिकृत पोखरेलको पूर्वाग्रही प्रतिशोधसहितको योजना विफल हुन पुगेको पीडित कर्मचारीहरू बताउँछन्।

साबिक गाविसमा कार्यरत सातजना २०७२/७३ मा प्रमुख प्रशासकीय अधिकृत पोखरेलले हामीमाथि गरेको अन्याय सहन गर्नै नसक्ने अवस्थाको रहेको सम्झँदै अरूलाई सिध्याउन खोज्नेलाई ढिलै भएपनि देखाउने रहेछ। त्यस बेला पीडित कर्मचारीहरूले भने। पोखरेल अहिले आफैं

(बाँकी पाँचौं पातामा)

# भरतपुरमा करीब १२ अर्ब विप्रेषण भित्रन्छ

नारायणगढ (चितवन), ३० जेठ/रासस

चितवनको भरतपुर महानगरपालिकामा वार्षिक रु ११ अर्ब ९६ करोड ९१ लाख २२ हजार बढी विप्रेषण भित्रने गरेको छ। सुरक्षित आप्रवासन (सामी) कार्यक्रमले सार्वजनिक गरेको तथ्याङ्क अनुसार सो रकम भरतपुरबाट वैदेशिक रोजगारमा रहेका ३० हजार ५५५ जनाबाट भित्रिएको विप्रेषण रकम हो।

सामी कार्यक्रम हेल्भेटास (नेपाल सरकारको सहकार्यमा काम गरिरहेको संस्था)की संयोजक उमा पौडेलका अनुसार एक व्यक्तिले औसतमा मासिक रु ३२ हजार ६४३ दशमलव ६५ विप्रेषण पठाइरहेको छ। आएको विप्रेषणमध्ये ७३ प्रतिशत ऋण तिर्न, घरखर्च, खाद्यान्न, स्वास्थ्य, शिक्षा लगायत क्षेत्रमा खर्च गरेको पाइएको उनले बताइन्।

वैदेशिक रोजगारमा रहेका ३० हजार ५५५ जनाका २९ हजार १७७ परिवारले एक वर्षमा करीब रु १२ अर्ब विप्रेषण प्राप्त गर्ने गरेका संयोजक पौडेलले जानकारी दिइन्। उनका अनुसार १३ प्रतिशतले बचत, छ प्रतिशतले जिन्सी सम्पत्ति जोड्ने, चार प्रतिशतले जग्गा खरीद, तीन प्रतिशतले ऋण लगानी र एक प्रतिशतले मात्र व्यवसाय सञ्चालन गर्ने गरेका पाइएको छ।

विदशेबाट फर्केर आएका दुई हजार २७२ विभिन्न आयमूलक क्षेत्रमा रहेका भन्दै आठ हजार ९५९ जनाले केही नगरी बसेको पाइएको जानकारी संयोजक पौडेलले दिइन्। एक हजार ७४ जनाले स्थानीयस्तरमा आयआर्जन सम्बन्धी विभिन्न योजना बनाएका उनले बताइन्।

विदेशबाट फर्केर यहाँ आएका व्यक्तिमध्ये तीन हजार ३५८ जनाले कुनै न कुनै सीप लिएर फर्केका पौडेलले बताइन्। सीप भएका तर प्रमाणपत्र नभएका व्यक्तिको सङ्ख्या पनि उल्लेख्य रहेको भन्दै उनले रोजगारमा रहेका कामदारमध्ये ३३ दशमलव ६१ प्रतिशतले मात्रै सीप सिकेर गएको उनले उल्लेख गरिन्। उनले ५५ प्रतिशतले आवश्यक सूचना तथा परामर्शसमेत लिएर विदेश जाने गएको जानकारी दिइन्।

९६ हजार ५९१ घर रहेको भरतपुरमा ३४ हजार ५०८ घरबाट ४१ हजार ७८६ जना वैदेशिक रोजगारमा गएका सुरक्षित आप्रवासन (सामी) कार्यक्रमको तथ्याङ्कमा उल्लेख गरिएको छ। हाल ३० हजार ५५५ विदेशमा रहेका र ११ हजार २३१ जना नेपाल फर्किएका संयोजक पौडेलले जानकारी दिइन्।

# नेप्सेमा उच्च अङ्कको कारोबार

काठमाडौं, ३० जेठ/रासस

बुधवार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको वृद्धि देखिंदा कारोबार रकम भने उच्च देखिएको छ। नेप्से परिसूचक छ दशमलव ३७ अङ्कले बढेर दुई हजार १२१ दशमलव ६२ को बिन्दुमा कायम भएको छ।

आज ३१२ कम्पनीका एक करोड २९ लाख ५० हजार ४०७ कित्ता शेयर ७४ हजार ८५८ पटक खरीद-बिक्री हुँदा रु पाँच अर्ब ८९ करोड ४० लाख ८९ हजार २४५ बराबरको कारोबार भएको छ।

आजको कारोबारमा होटल तथा पर्यटन समूह शून्य दशमलव १८, जलविद्युत् समूह शून्य दशमलव ६१, निर्जीवन बीमा शून्य दशमलव ४८ र व्यापार समूह शून्य दशमलव ३६ प्रतिशतले घटेका छन् भने अरू सबै समूहका उपसूचक बढेका छन्। सबैभन्दा धेरै वित्त समूह एक दशमलव ०७ प्रतिशतले बढेको छ। बैंकिङ शून्य दशमलव ८३, विकास बैंक शून्य दशमलव ११, लगानी शून्य दशमलव १२, जीवन बीमा शून्य दशमलव १७ र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ६० प्रतिशतले बढेका छन्।

लघुवित्त शून्य दशमलव ८८, म्युचुअल फन्ड शून्य दशमलव ३३ र अन्य समूह शून्य दशमलव ३४ प्रतिशतले बढेका छन्। समृद्धि फाइनान्स कम्पनी लिमिटेड, मिड सोलु हाइड्रोपावर लिमिटेड, साधना लघुवित्त वित्तीय संस्था लिमिटेड र ग्रीनलाइफ हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा भने सयपत्री हाइड्रोपावर लिमिटेडको शेयर मूल्य चार दशमलव ४८ प्रतिशतले घटेको छ।

कारोबार भएका शेयर सङ्ख्याका आधारमा एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको रु २७ करोड ६३ लाख ६० हजार ४९१ बराबरको शेयर किनबेच भएका छन्। कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने ग्रीनलाइफ हाइड्रोपावर लिमिटेडको नौ लाख ५१ हजार २०७ कित्ता शेयर किनबेच भएका छन्।

प्रतीक


# उफ् गर्मी

प्रगति ढकाल
काठमाडौं, ३० जेठ/रासस

हिजो अपराह्न यो समाचार तयार पार्दासम्ममा नेपालगंजको तापक्रम ४३ डिग्री सेल्सियस पुगेको थियो। नेपालगंज नेपालकै तातो ठाउँको रूपमा जानिन्छ। त्यस्तै, धनगढीको तापक्रम ४२ डिग्री पुगेको जल तथा मौसम विज्ञान विभागले जनाएको थियो ।

यता काठमाडौंको अधिकतम तापक्रम भने ३१ डिग्री सिल्सियस मात्र पुग्दा तराईभन्दा बढी अत्तालिएका देखिन्छन् राजधानीवासी । गर्मीको तात्तातो चर्चा काठमाडौंमैं बढी देखिन्छ। 'उफ् गर्मी पनि कति सारो बढेको ? पहिलेपहिले त यस्तो उल्का गर्मी महसूसै भएको थिएन' काठमाडौं उपत्यकाका नागरिकको वार्तालापको पहिलो वाक्य अहिले यही हुने गरेको छ।


ललितपुरस्थित गोदावरी नगरपालिकाकी राधा घिमिरे भन्छिन्, "गर्मी पनि कति सारो बढेको हो ? यसो बाहिर निस्कनै सकिंदैन । घरमा मात्रै बस्दाबस्दा अत्यास नै लाग्ने । पहिले त चितवनतिर जाँदा मात्र यस्तो अनुभव हुन्थ्यो, यहाँ यस्तो गर्मी भएजस्तै लाग्दैनथ्यो ।"

काठमाडौं बूढानीलकण्डकी शोभा सापकोटालाई पनि पहिलाभन्दा यसपटक धेरै गर्मी भएको अनुभव भएको छ । "४० वर्ष भइसक्यो काठमाडौं बसेको, यस्तो गर्मीको अनुभव त छँदै थिएन," उनी भन्छिन्, "गर्मी पनि अत्यासलाग्दो। अझै तराईमा कस्तो होला ?" उनीहरू मात्रै होइन। सिन्धुली घर भई भक्तपुर लोकन्थली बस्ने दुर्गा तिमल्सिनालाई पनि गर्मीले निकै अत्याएको छ। "अहिलेको जस्तो गर्मी पहिले कहिल्यै अनुभव भएन, गर्मीले रिङ्गटा नै लाग्छ," उनी भन्छिन्, "पहिलापहिला त काठमाडौं आउँदा पङ्खा नै नलगाइ बस्न सकिन्थ्यो, यसपटक त पङ्खाले पनि गर्मी छेक्न सकेन।"

धनगढी, नेपालगंजलगायत तराईका क्षेत्रको जस्तो गर्मी उपत्यकामा छैन, तर अझै यहाँका मानिसहरूलाई गर्मीले अत्याएको छ। त्यो ४० डिग्री सेल्सियस आसपासको तापक्रममा बस्नेहरूलाई गर्मीले कति अत्याएको होला ? घाम भनेर काम छलेर बस्न पनि सबैलाई कहाँ पुग्ला र ? घामको प्रवाह नगरी काम गर्नेहरूलाई कति गाऱ्हो भएको होला ? तराईमा बसोबास गर्ने केही पात्रसँग टेलिफोनमार्फत गर्मीले पारेको प्रभावको विषयमा कुराकानी गर्ने क्रममा बढी गर्मीका कारण कामकाजमा समेत बाधा पुगेको अनुभव बताएका थिए ।

चितवन क्षेत्रपुरकी मीरा धितालललाई पनि पहिलापहिलाको भन्दा यसपटक गर्मी अलि बढेको अनुभव भएको छ। "गर्मीका कारण आएको पसिनाले लुगा नै निथ्रुक्कै भिजाउँछ, एकदमै गाऱ्हो बनाएको छ," उनी भन्छिन्, "दिउँसोको समयमा त बाहिर निस्कन र काम पर्दा समेत हिंड्डुल गर्न नै मुश्किल पर्छ । बच्चाहरूसमेत गर्मीले गर्दा टाउको दुख्यो भनेर पढ्नै सक्दैनन् ।"

गर्मीले सल्लाघारीको जङ्गल पनि उत्तिकै तात्छ। अन्य बोटबिरुवाले जस्तो सालको बिरुवाले शीतलता दिंदैन । त्यसमाथि ४२ डिग्री सेल्सियससम्मको तापक्रमले तातिएको मौसम। तर तातो मौसम भनेर काममा नगई बस्ने छुट हुँदैन, सुदूरपश्चिम, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव प्रमोद भट्टराईलाई । तातो मौसममा फिल्ड हिंड्दा निकै गाऱ्हो हुने र तातोले टाउको दुख्ने समस्या बढेको उनी बताउँछन् । "तातो छ भनेर मन्त्रालयभित्र मात्रै बस्ने छुट कहाँ छ र ? फिल्ड पनि हिंड्नुपर्छ। फिल्ड खटाउँदा कर्मचारीहरू बिरामी पर्नुहुन्छ । नखटाएर पनि भएन," टेलिफोन वार्तामा उनी भन्छन्, "सरकारी सेवामा खटिने शपथ खाएर आएका हौं, गर्मी भयो भनेर बस्न पनि भएन नि ।"




जल तथा मौसम विज्ञान विभाग अन्तर्गत जलवायु शाखाकी मौसमविद् विभूति पोखरेलले जलवायु परिवर्तनको असरका कारण तापक्रम बढेसँगै गर्मीसमेत बढेको बताइन् । "नेपालमा मनसुन भित्रिए पनि वर्षा हुन सकिरहेको छैन, यसले तापक्रम पनि बढाएको छ," उनले भनिन्, "जलवायु परिवर्तनको असरले गर्दा पृथ्वी तात्दै जाने र यसले गर्दा नेपालको समेत तापक्रम बढ्ने तथा यसले गर्दा तातो हावाको लहर (लू)को जोखिम, सुक्खा बढ्ने, खडेरीका कारण कृषि उब्जनीमा ऱ्हास आउने, पानीको मुहान सुक्नेलगायतका समस्या उत्पन्न हुनेछ ।"

पोखरेलले जलवायु परिवर्तनले मौसमी अवस्थामा पारेको असर, आगामी दिनमा बढ्न सक्ने सम्भावित जोखिम, तापक्रमको प्रक्षेपणलगायतका विषयमा जानकारी दिनेगरी अध्ययनसमेत भइरहेको जानकारी दिएकी छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार गर्मी मौसममा असामान्यरूपमा अत्यधिक तापक्रम बढी तातो हावा चलेको अवस्थालाई तातो हावाको लहर वा 'लू' भनिन्छ । यो एक प्रकारको प्राकृतिक प्रकोप हो । प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले खासगरी नेपालको तराई क्षेत्रमा धेरै गर्मी भएको समयमा तातो हावाको लहर 'लू' चल्न सक्ने र यसले स्वास्थ्यमा असर गर्ने भन्दै सचेत हुनुपर्ने जानकारी दिएका छन्।

बढी गर्मीका कारण थकान र कमजोरी महसूस हुने, चक्कर लाग्ने, बेस्सरी टाउको दुख्ने, वाकवाकी लाग्ने, हातगोडा बाउँडिने, हातगोडा वा अनुहार सुन्निने र बेहोश हुने, मुटुको धड्कन बढ्न सक्ने चिकित्सकहरू बताउँछन् । उनीहरूका अनुसार छाला सुक्खा र रातो हुने, पिसाबको रङ्ग पहेंलो हुने, सास फेर्न गाऱ्हो हुने र रक्तचाप कम हुने, १०४ डिग्री फरेनहाइटभन्दा बढी ज्वरो आई बिरामी बेहोश हुने वा कोमाको लक्षण देखिन सक्छ ।

लू लागेको व्यक्तिलाई शीतल ठाउँमा लाने, शरीरभित्र सजिलै हावा छिर्ने गरी लुगा खुकुलो बनाइदिने, बिरामी होशमा भएमा पानी वा झोलिलो खानेकुरा दिने तर कफी, चिनीको मात्रा धेरै भएको चीसो पेयपदार्थ, बियर, जाँडरक्सी नदिने, पङ्खाले हम्कने गर्नुपर्छ। भिजेको चीसो कपडाले निधार, हत्केला, गोडा, पैतालामा पानीपट्टि लगाइदिने, बिरामीलाई गाऱ्हो भएजस्तो लागेमा नजीकैको अस्पताल वा स्वास्थ्य संस्था लैजाने, चर्को घाम लागेको बेला सकभर घरबाहिर ननिस्कने, बाहिर निस्कनै परे छाता ओढ्ने वा पातलो कपडाले टाउको ढाक्ने कार्य गर्न समेत सुझाव दिइएको छ ।

जलवायुविद् डा धर्मराज उप्रेतीले समुद्री सहतको तापक्रममा फेरबदल (अल निनो टू ला नीना) भएकाले नेपाललगायत एशिया प्रशान्त क्षेत्रमा औसतभन्दा बढी तापक्रम र बढी वर्षा हुने क्रम बढिरहेको भन्दै समयमा नै सतर्कता अपनाउन जरुरी रहेको बताए। "जलवायु परिवर्तनका कारण समुद्री सतहको तापक्रममा फेरबदल आइरहेको छ," उनले भने, "जलवायु परिवर्तनसम्बन्धी न्यूनीकरण र अनुकूलनका कार्यक्रम प्रभावकारीरूपमा सञ्चालन हुन नसके तापक्रम बढ्नेलगायत जलवायुजन्य असर अझै बढिरहनेछ ।"

प्रशान्त महासागरको पूर्वमध्य उष्ण भागको सतहको पानी औसतभन्दा उल्लेख्य धेरै तातेर बन्ने मौसमी प्रवृत्तिलाई अल निनो भनिन्छ । अल निनो सक्रिय भएको समयमा यसले संसारभरिकै वर्षाको स्वरूप र मौसमलाई असर गर्छ र तापमान वृद्धि गर्छ ।

अल निनो नामक मौसमी प्रक्रियामा अस्वाभाविकरूपमा तापमान वृद्धि भएको हुन्छ भने ला निनामा अस्वाभाविकरूपमा तापमान घट्छ। ला निना भूमध्य रेखामा प्रशान्त महासागरको मध्य तथा पूर्वी भागमा हुने गर्छ । अल निनोले जस्तै यसले पनि संसारभर वर्षा तथा वायुमण्डण्डलीय चापलाई प्रभावित गर्छ।

जनस्वास्थ्यविद् डा समीर अधिकारीले तातो हावाका कारण मानिसको शारीरिक तथा मानसिक स्वास्थ्यमा असर पुग्ने जानकारी दिए । "लूका कारण श्वास फेर्न गाऱ्हो हुने, रगतजन्य समस्या आउन सक्ने तथा छाला चिलाउने र शरीरमा घाउ हुन सक्छ," उनले भने, "उच्च रक्तचाप कम हुने तथा आँखाको समस्या हुन सक्छ । विभिन्न रोगका कारण दीर्घकालीनरूपमा असर पुग्ने र मानिसको मृत्यु पनि हुन सक्छ ।"

डा अधिकारीले तातो हावाको लहरबाट बच्नका लागि व्यापक जनचेतना र जनसहभागिता तथा समन्वय गरेर लू व्यवस्थापन गर्न सुझाव दिए । लूबाट कसरी सुरक्षित रहने ? कसरी पूर्वतयारीका कार्यक्रम सञ्चालन गर्ने ? भन्ने विषयमा कार्यक्रम तय गर्न आवश्यक रहेको उनको भनाइ छ। उनका अनुसार गर्मीका कारण शरीरमा आलस्य पनि बढ्न सक्छ ।

**भोलिसम्म अत्यधिक गर्मीको सम्भावना**

जल तथा मौसम विज्ञान विभागले बिहीवारसम्म नै अत्यधिक गर्मीको सम्भावना रहेकोले सतर्कता अपाउन भन्दै विज्ञप्ति नै जारी गरेको छ। विभागका अनुसार मङ्गलवार दिउँसो सुदूरपश्चिम र लुम्बिनी प्रदेशका तराई भूभागका केही स्थानहरूमा केही दिनदेखि अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन गरिएको छ ।

देशभरको तापक्रमको अवस्थाको विश्लेषण अनुसार देशका मध्य तथा पश्चिमी तराईका भूभागहरूमा अत्यधिक गर्मीको सम्भावना देखिएकाले आवश्यक तयारी गर्नुहुन तथा आवश्यक सतर्कता अपनाउन विभागको अनुरोधसमेत गरेको छ । "ती भूभागहरूमा आगामी तीन दिन (२०८१ जेठ २९ देखि २०८१ जेठ ३१ गते)सम्म तातो हावा तथा तातो लहरको सम्भावना रहेको हुनाले सोको असरबाट बच्न आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ," विभागद्वारा विज्ञप्तिमा तातो हावा तथा तातो लहरबाट हुने सम्भावित असरहरू जस्तैः थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोश हुने, मांसपेशीहरू दुख्ने, बान्ता आदि हुन सक्ने देखिएकाले त्यसबाट बच्न अनुरोध गरिएको छ ।

तातो हावा तथा तातो लहरबाट बच्न बढी गर्मीको समयमा के के गर्ने भन्ने विषयमा जल तथा मौसम विज्ञान विभागले सुझावसमेत दिएको छ । "घरभित्र अर्थात् चीसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने, घाममा बढी ननिस्कने, हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित ( पटकपटक) पानी तथा झोलपदार्थ (जुस, सर्बत आदि) प्रशस्त मात्रामा पिउन विभागले विज्ञप्तिमार्फत सुझाएको छ ।

**तातो अझै बढ्ने जोखिम**

जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौताको धाराको धारा २ उपराधारा १ को (क)मा जलवायु परिवर्तनको जोखिम तथा असरलाई उल्लेखनीयरूपमा घटाउने कुरालाई आत्मसात् गर्दै विश्वव्यापी औसत तापक्रममा हुने वृद्धिलाई पूर्वऔद्योगिक तहभन्दा माथि दुई डिग्री सेल्सियसभन्दा तल कायम राख्ने र तापक्रममा हुने वृद्धिलाई पूर्वऔद्योगिक तहभन्दा माथि १.५ डिग्री सेल्सियसमा सीमित राख्न प्रयास गर्ने उल्लेख गरिएको छ ।

पेरिस सम्झौता कार्यान्वयनका लागि हरेक वर्ष हुने जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय पक्ष राष्ट्रहरूको भेलामा समेत पेरिस सम्झौता कार्यान्वयन हुनुपर्नेमा जोड दिइएको छ । नेपालको नेतृत्वमा यही जेठ ९ र १० गते चन्द्रागिरिमा आयोजना गरिएको अन्तर्राष्ट्रिय पर्वतीय संवादमा समेत तापक्रम वृद्धि रोक्नुपर्नेमा विज्ञहरूले जोडदार माग राखेका थिए ।

**जलवायु नीतिको कार्यान्वयनमा जोड**

जलवायु नीति २०७६ मा जलवायुजन्य प्रकोपको रोकथाम, न्यूनीकरण र पूर्वतयारी गर्न सङ्घ, प्रदेश तथा स्थानीय तहमा प्रकोप जोखिम न्यूनीकरण व्यवस्थापन प्रणालीको विकास गरिने उल्लेख छ । यसैगरी, बाढी, पहिरो, भूक्षय, खडेरी, चटचाङ, हावाहुरी, तातो हावाको लहर, शीतलहर, वन डढेलो, आगलागी, महामारीलगायत प्रकोपको अनुगमन, पूर्वानुमान तथा पूर्वसूचना प्रणाली विकास गरी पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाइनेसमेत नीतिमा उल्लेख गरिएको छ ।

जलवायुजन्य विपद्सम्बन्धी सूचना सङ्कलन गर्ने प्रणालीलाई थप व्यवस्थित र व्यापक बनाइने, जलवायुजन्य विपद् जोखिमसम्बन्धी पूर्वसूचनामा सबै वर्ग, तह र क्षेत्रको पहुँच पुग्ने व्यवस्था मिलाइनेसमेत नीतिमा व्यवस्था गरिएको छ। विपद् जोखिम न्यूनीकरण कार्यलाई जलवायु परिवर्तन अनुकूलन योजना तथा कार्यक्रमहरूसँग एकीकृत गरिने, जलवायुजन्य प्रकोपहरूबाट हुने क्षतिबाट पुनरुत्थानका लागि अति सङ्टासन्न र जोखिममा रहेका व्यक्ति र परिवारहरूको सामाजिक सुरक्षाको प्रत्याभूति गरिने कुरा नीतिमा उल्लेख गरिएको छ, तर नीतिको प्रभावकारीरूपमा कार्यान्वयन हुनुपर्ने विज्ञहरूले सुझाव दिएका छन् ।




**गर्मीले यात्री पाउनै मुश्किल:** वीरगंजको घण्टाघरमा अत्यधिक गर्मीको प्रवाह नगरी आफ्नो गुजारा चलाउनका लागि यात्रीको पर्खाइमा रिक्साचालकहरू । गर्मीका कारणले रिक्सा चढ्ने यात्रीहरू कम हुँदा दैनिक खर्च जुटाउन पनि समस्या हुने गरेको उनीहरूको बताउँछन् । यो मौसममा दैनिक पाँच सय रुपियाँ आम्दानी गर्न पनि गाऱ्हो भएको उनीहरू बताउँछन् । तस्बिर : हिमाल लम्साल/रासस

## फरक समाचार

# गर्मीमा कस्तो चिया पिउने ?

चिया नपिएर नेपालीहरूको बिहान नै हुँदैन। जाडो होस् वा गर्मी दिनभरको थकान हटाउन एक कप तातो चियाको चुस्की आवश्यक हुन्छ । तर गर्मीमा चियाका कारण धेरैलाई ग्याँस र अपच जस्ता पाचनसम्बन्धी समस्या हुन थाल्छ,



जसका कारण चिया त्याग्नुको विकल्प हुँदैन ।

तर गर्मीमा पनि चिया पिएर ताजा महसूस गर्न सकिन्छ। तर त्यसको लागि चियामा केही परिवर्तन गर्नुपर्छ ।

तातो चियाले शरीरको तापक्रम बढाउँछ, त्यसैले गर्मीमा आइस टी बनाएर पिउन सकिन्छ । यसका लागि मनपर्ने चियापत्तीको काढा बनाएर, त्यसमा चिनीको सट्टा कागती र पुदिना मिसाएर फ्रिजमा चीसो बनाएर पिउन सकिन्छ।

जाडोमा चियामा प्रयोग गरिने ल्वाङ, सुकमेल, दालचिनी, अदुवा जस्ता तातो मसलाको सट्टा गर्मीमा चीसो चिया बनाउन गुलाबको फूलको पात, खसखस, सौंफ प्रयोग गर्न सकिन्छ। यी मसलाहरूले चियालाई सुगन्धित बनाउनुको साथै शरीरलाई चीसो राख्न पनि मदत गर्छ।

यदि तपाईंलाई दूधको चिया पिउन मन लागेको छ भने कम चिल्लो भएको दूधको प्रयोग गर्न सकिन्छ। साथै चियामा दूधको मात्रा कम गर्न पनि सकिन्छ। सोया दूध र बदाम दूधको पनि प्रयोग चियामा गर्न सकिन्छ।

धेरै चिनी स्वास्थ्यका लागि हानिकारक हुन्छ । गर्मीमा चियामा चिनीको मात्रा कम गर्नुपर्छ। साथै सख्खर र मह मिसाएर पनि चिया बनाउन सकिन्छ।

# गर्मीमा धेरै पसिना आउँछ

गर्मीमा तपाईंलाई पनि धेरै पसिना आउँछ ? बारम्बार पसिना आउनुका कारण कीटाणु र ब्याक्टेरिया उत्पादन हुन सक्छ, जसले तपाईंको स्वास्थ्यमा नकारात्मक असर पार्न सक्छ। यदि तपाईं आफ्नो स्वास्थ्यमा हुने हानिबाट बच्न चाहनुहुन्छ भने पसिना आउने समस्याबाट बच्ने केही उपायहरूको बारेमा जान्नै पर्छ ।



**चीसो पानी:** यदि तपाईंलाई पनि धेरै पसिना आउँछ भने बरफको चीसो पानीमा गुलाबजल र मुल्तानी माटो मिसाउनुपर्छ। दिनमा कम्तीमा दुईपटक यो पानीमा हातखुट्टा भिजाएर १५ मिनेटसम्म राख्नुपर्छ । जसले गर्दा पसिना आउन कम हुन्छ ।

**नून:** बाथटब र बाल्टिनमा मनतातो पानी राखेर त्यसमा छ चम्चा नून हाल्नुहोस् । यस पानीमा १०–१५ मिनेटसम्म हातखुट्टा डुबाएर राख्नाले बढी पसिना आउने समस्या धेरै हदसम्म समाधान हुन्छ।

**फिटकरी:** पसिनाबाट छुटकारा पाउन फिटकरी प्रयोग गर्न सकिन्छ। मनतातो पानीमा फिटकरीको धूलो मिसाएर १० मिनेटसम्म खुट्टा भिजाउनुपर्छ। फिटकरीले तपाईंको छालामा रहेको ब्याक्टेरियालाई हटाउन मदत गर्छ।

**चन्दनको धूलो:** चन्दनको धूलो पसिना कम गर्न निकै फाइदाजनक हुन्छ । चन्दनको धूलोमा गुलाबजल र थोरै पानी मिसाउनुपर्छ । अब यो पेस्टलाई शरीरको त्यो भागमा लगाउनुहोस्, जहाँ तपाईंलाई धेरै पसिना आउँछ। यो पेस्ट सुकेपछि धुनुहोस् र सकारात्मक प्रभाव आफैं हेर्नुहोस् ।

# गर्मीमा सुनजस्तो निखार कसरी पाउने ?

गर्मीमा आफ्नो छालाको हेरचाह गर्नुपर्छ। यदि तपाईं पनि पार्लरमा गएर आफ्नो छालाको चमकका लागि महँगो उपचारमा पैसा खर्च गर्नुहुन्छ भने अब त्यसो गर्नुपर्दैन। घरमा केही प्राकृतिक चीजहरूको मदतले आफ्नो हराएको चमक फिर्ता ल्याउन सक्नुहुन्छ।



आफ्नो छालामा केमिकलको सट्टा प्राकृतिक चीजहरू प्रयोग गर्नुपर्छ । छालाको हेरचाह केमिकलयुक्त सौन्दर्य प्रसाधनको प्रयोग गर्नुभएको छ भने यसले छालासम्बन्धी धेरै समस्या जन्माउँछ ।

**दही:** दहीमा पाइने सबै पौष्टिक तत्त्व स्वास्थ्यका लागि मात्र नभई छालाको लागि पनि निकै लाभदायक साबित हुन्छ । गर्मीमा धेरैलाई टैनिङको समस्याको सामना गर्नुपर्ने हुन्छ। टैनिङबाट छुटकारा पाउन चाहनुहुन्छ भने छालाको हेरचाहमा दही समावेश गर्नुपर्छ। दहीले छालालाई प्राकृतिकरूपमा मोइश्चराइज गर्न पनि मदत गर्छ।

**घ्यूकुमारी:** हजुरआमाको पालादेखि नै घ्यूकुमारी छालाको लागि प्रयोग हुँदै आएको छ। गर्मीमा डन्डीफोर, चायापोतोको समस्या बढ्छ। घ्यूकुमारीले यो समस्यालाई जराबाट हटाउन मदत गर्छ । घ्यूकुमारी प्रयोग गरेर छालाको स्वास्थ्यलाई धेरै हदसम्म सुधार गर्न सकिन्छ।

**गुलाबजल:** गुलाबजलमा पाइने तत्त्वले छालासँग सम्बन्धित सबै समस्या हटाउँछ । गुलाबजल छालामा लगाउनाले छालालाई हाइड्रेटेड राख्छ । राति सुत्नुअघि छालामा गुलाबजल लगाउँदा एक सातामैं सुनौलो चमक छालामा प्राप्त गर्न सकिन्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# अमेरिकी राष्ट्रपति बाइडेनका छोरा दोषी ठहर

विल्मिङ्टन, ३० जेठ/एएफपी

अमेरिकी राष्ट्रपति जो बाइडेनका छोरा हन्टर बाइडेनलाई आपराधिक



राष्ट्रपति बाइडेन छोरा हन्टर बाइडेनसँग कुरा गर्दै । तस्वीरः एपी

अभियोजनमा सङ्घीय बन्दुकको अभियोगमा दोषी ठहर गरेको छ । जुन अमेरिकी राष्ट्रपतिको इतिहासमा पहिलो घटना हो ।

राष्ट्रपति जो बाइडेनका ५४ वर्षीय छोरालाई सन् २०१८ मा लागूऔषधको लतमा परेपछि ह्यान्डगन खरीद गरेको आरोपमा दोषी ठहर गरिएको थियो ।

उनको बुबाले पुनः निर्वाचित हुन खोज्दै गर्दा डेमोक्र्याटिक राष्ट्रपतिले वाशिङ्टनमा बन्दुक हिंसाको बारेमा भाषण दिने निर्णय आएको हो ।

बाइडेनको गृहनगर विल्मिङ्टन, डेलावेयरमा भएको परीक्षण समापनपछि ह्वाइट हाउसले जारी गरेको विज्ञप्तिमा राष्ट्रपतिले आफ्नो छोराको लागि "प्रेम र समर्थन" व्यक्त गरे ।

बाइडेनले भने, 'आफू राष्ट्रपति मात्र नभएर बुबा पनि हुँ भन्दै जिल र म हाम्रो छोरालाई माया गर्छौं, र हामी उनी आज भएको न्यायमाथि निकै गर्व गर्छौं ।"

धेरै परिवारले आफ्ना प्रियजनलाई युद्धको लत लगाएकाले उनीहरूले येलमा प्रशिक्षित वकील र लोबिस्टबाट कलाकार बनेका उनीमाथि सन् २०१८ मा ३८ क्यालिबर रिभल्भर खरीद गर्दा अवैधरूपमा लागूऔषध प्रयोग नगरेको भन्दै झूटो बयान दिएको आरोप लगाइएको थियो ।

उनीमाथि अवैधरूपमा बन्दुक राखेको आरोप पनि लगाइएको थियो, जुन उनीसँग त्यस वर्षको अक्टोबरमा मात्र ११ दिनका लागि थियो ।

राष्ट्रपतिको छोराले लतको बारेमा निस्स्वार्थरूपमा लेखी रिभल्भर किनेको समयमा आफूलाई लत लागेको मानेनन् भनेर दाबी गरे ।

उनी लामो समयदेखि कट्टर दक्षिणपन्थी रिपब्लिकनहरूको निशाना बनेका छन् भने ट्रम्पका सहयोगीले भ्रष्टाचार र प्रभाव हेरफेरको आरोपमा काङ्ग्रेसमा उनको लामो अनुसन्धान गरेका छन् ।

हन्टर बाइडेनको चीन र युक्रेनमा व्यापारिक लेनदेनले पनि रिपब्लिकन सांसदहरूले उनका बुबाविरुद्ध महाभियोगको कारबाई शुरू गर्ने प्रयासको आधार बनेको छ भने ह्वाइट हाउसले हन्टर बाइडेनलाई राष्ट्रपतिले माफी नदिने बताएको छ । रासस तपाईंलाई माया गर्ने, कसैलाई अकांतिरबाट बाहिर निस्किएको तथा सुधारमा बलियो र लचिलो भएको देखेर गर्वको भावना बुझ्ने उनले बताए ।

यस मुद्दाको नतीजा स्वीकार्ने बताउँदै बाइडेनले हन्टरले अपीललाई विचार गर्दा न्यायिक प्रक्रियालाई सम्मान गर्न जारी राख्ने उल्लेख गरे ।

१२ सदस्यीय जुरीले फैसलामा पुग्नुअघि दुई दिनसम्म करीब तीन घण्टा छलफल गरेको थियो ।

हन्टर बाइडेनले एक हप्ताको सुनवाइमा आफ्नो भूमिका निर्वाह गरेनन् भने प्रथम महिला जिल बाइडेन धेरै दिन उपस्थित थिइन् ।

हन्टर बाइडेनले २५ वर्षसम्म जेल सजाय भोग्ने सम्भावना भएपनि पहिलोपटकको अपराधीका रूपमा जेल सजाय हुने सम्भावना छैन ।

नोभेम्बरको राष्ट्रपति चुनावमा जो बाइडेनका सम्भावित रिपब्लिकन प्रतिद्वन्द्वी डोनाल्ड ट्रम्पको व्यापार अपचलनको आरोपमा दोषी ठहर भएको दुई हप्ताभन्दा कम समयमा यस्तो फैसला आएको हो ।

हन्टर बाइडेनले क्यालिफोर्नियामा कर चोरीको आरोपको अर्को मुद्दाको साथै कारबाईले अपराधको दोषी ठहरिने पहिलो पूर्वराष्ट्रपति ट्रम्पमाथि चुनावी ध्यान केन्द्रित गर्ने डेमोक्र्याटहरूको प्रयासलाई जटिल बनाएको छ ।

लागू पदार्थको लत र राजनीतिक विचला हुनुको अतिरिक्त हन्टर बाइडेनका कानूनी समस्याहरूले लागू पदार्थको लतको रूपमा यस समयमा परिवारका लागि पीडादायी भावनात्मक घाउहरू बनाएको छ ।

उनका भाइ ब्यूको सन् २०१५ मा क्यान्सरबाट मृत्यु भएको थियो भने उनकी बहिनी नाओमीको सन् १९७२ को कार दुर्घटनामा मृत्यु भएको थियो । यसै घटनामा जो बाइडेनकी पहिलो पत्नी निलियाको पनि मृत्यु भएको थियो ।

# फ्रान्सेली प्रधानमन्त्री अट्टलले म्याक्रोंको चुनावी अभियानको नेतृत्व गर्ने

पेरिस, ३० जेठ/एएफपी

फ्रान्सका प्रधानमन्त्री इम्यानुएल म्याक्रोंले मध्यावधि निर्वाचन आह्वान गरेपछि प्रधानमन्त्री गेब्रियल अट्टलको शङ्कास्पद मौनता तोडिएको छ । अनुभवको कमीका बावजूद अट्टलले आफ्नो नियुक्तिपछि आफूलाई राष्ट्रपतिको एक प्राकृतिक सञ्चारकर्ताको रूपमा देखाएका छन् । केही हदसम्म म्याक्रोंको सम्भावित उत्तराधिकारीको रूपमा पनि हेरिएको छ । ३५ वर्षीय अट्टल फ्रान्सका सबैभन्दा कान्छा प्रधानमन्त्री हुन् ।

उनले यो अभियानप्रति पूर्ण प्रतिबद्धता जनाए पनि यदि म्याक्रोंको प्रधानमन्त्री परिवर्तन गर्ने निर्णय आएमा उनी सबैभन्दा कम सेवा गर्ने प्रधानमन्त्रीमध्ये एक हुनेछन् ।

युरोपेली चुनावमा अति दक्षिणपन्थी गठबन्धनसँग म्याक्रोंको दल पराजित भएपछि शुरूमा लड्ने कुनै इच्छा नभएको बताइए पनि राष्ट्रपति म्याक्रोंलाई फ्रान्सेली विधायिका निर्वाचन अभियान चलाउनुपरेको छ ।

सामान्यतया फ्रान्सेली सञ्चारमाध्यममा सर्वव्यापी रहेका अट्टल सोमवार निर्वाचनको घोषणापछि एयरवेभमा स्पष्टरूपमा अनुपस्थित थिए ।

म्याक्रोंले आइतवार टेलिभिजनमा सम्बोधन गर्दै निर्वाचनलाई स्तब्ध पार्ने कदमको संज्ञा दिंदा अट्टलले कुनै टिप्पणी गरेनन् ।

उनले म्याक्रोंको एक्समा गरेको सम्बोधनलाई पुनः पोस्ट मात्र गरे भने ब्रिफिङका लागि माटिग्नोन प्रधानमन्त्रीको निवासमा राखिएको लेक्चर कहिल्यै प्रयोगमा आएन ।

युरोपेली चुनावको परिप्रेक्ष्यमा मध्यावधि चुनावको सम्भावनाको बारेमा प्रारम्भिक छलफलबाट टाढा रहेका अट्टलले म्याक्रोंलाई 'खतरनाक' जोखिमका बारेमा चेतावनी दिएका थिए । अट्टललाई निर्णयबारे अन्तमा सूचित गरिएको थियो ।

आइतवार साँझ एलिसी प्यालेसमा सत्तारूढ दलका नेतासँग भएको भेटमा अट्टलले आफू सरकारबाट राजीनामा दिन तयार रहेको तर राष्ट्रपतिको निर्णयलाई समर्थन गरेको एक सहभागीले बताए ।

प्रसारणकर्ता बिएफएमटिभीका अनुसार उनले म्याक्रोंलाई राजीनामा दिएर संसद् विघटन गर्नबाट रोक्न प्रयास गरेका थिए तर उनको प्रयास सफल हुन सकेन ।

"मलाई जे भनिएको छ म त्यही गर्छु," उनले सोमवार आफ्ना एक वार्ताकारसँग भने । नाम नबताउने शर्तमा स्रोतले एएफपीलाई भन्यो, "राष्ट्रपतिलाई अस्वीकार गरिएको छ भन्ने थाहा भएपनि अब उहाँ चुनाव प्रचारमा जान लाग्नुभएको छ ।"

सत्तासीन दलका प्रमुख भ्यालेरी हायरलाई उछिन्न खोजेको आरोप खेपिरहेका अट्टलले युरोपेली चुनावी अभियानमा महत्त्वपूर्ण भूमिका खेलेका थिए ।

नेता जोर्डन बार्डेलासँग भएको बहसमा उनलाई व्यापकरूपमा पछ्याइएको थियो । रासस

# विद्युतीय सवारीसाधनमा लगाइएको करले इयूको हितमा हानि पुऱ्याउने

बेइजिङ, ३० जेठ/एएफपी

चीनले चिनियाँ विद्युतीय सवारीसाधनको आयातमा युरोपेली सङ्घ (इयू)को थप करले 'युरोपको आफ्नै हितलाई हानि पुऱ्याउने' चेतावनी दिंदै इयूको 'संरक्षणवाद'को निन्दा गरेको छ ।

चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले भने, "यो बजार अर्थतन्त्र र अन्तर्राष्ट्रिय व्यापार नियमको सिद्धान्तविपरीत छ र यसले चीन–इयू आर्थिक तथा व्यापारिक सहयोगलगायत विश्वव्यापी अटोमोबाइल उत्पादन र आपूर्ति शृङ्खलाको स्थिरतालाई कमजोर पार्छ ।"

इयू कमिशनले बुधवार चीनबाट आयात हुने विद्युतीय सवारीसाधनमा नयाँ कर लगाउने तयारी गरेको उद्योग स्रोतले एएफपीलाई जानकारी दिएको छ ।

स्रोतका अनुसार १० प्रतिशत भन्सारको अतिरिक्त २५ प्रतिशतसम्म कर वृद्धि हुने अपेक्षा गरिएको छ ।

लिनले भने, "हामी इयू पक्षको स्वतन्त्र व्यापारलाई समर्थन गर्ने र संरक्षणवादको विरोध गर्ने आफ्नो प्रतिबद्धताको सम्मान गर्न र चीन–इयू आर्थिक र व्यापार सहयोगको समग्र हितलाई कायम राख्न चीनसँग काम गर्न आग्रह गर्छौं ।"

युरोपको मर्सिडिजदेखि फेरारीसम्मका प्रतिष्ठित ब्रान्डजस्ता अटोमोटिभ क्षेत्र यसको औद्योगिक मुकुटको गहना हो । तर विद्युतीय सवारीसाधनको विकाससँगै चीनले युरोपेली सवारी निर्माताको लाभमा प्रभाव पारेको छ । रासस



**तरकारी किनमेलः** वीरगंज–४ बिर्तामा तरकारी किन्दै सर्वसाधारण । यहाँ तरकारी अन्यत्रभन्दा सस्तोमा पाइने उपभोक्ताहरू बताउँछन् । बिर्तामा सातामा दुई दिन मङ्गलवार र शुक्रवार बजार लाग्ने गर्छ । तस्बिरः हिमाल लम्साल/रासस

# वैकल्पिक राजनीतिक शक्तिहरू एकताबद्ध हुनुपर्ने

काठमाडौं, ३० जेठ/रासस

विभिन्न राजनीतिक दलका नेताहरूले वैकल्पिक राजनीतिक शक्तिहरू एकताबद्ध भएर अघि बढ्नुपर्नेमा जोड दिएका छन् । नेपाल समाजवादी पार्टीको स्थापना दिवसका अवसरमा बुधवार आयोजित 'वैकल्पिक राजनीतिको औचित्य र सम्भावना' विषयक अन्तर्क्रियामा सहभागी दलका नेताहरूले नयाँ शक्तिहरू विचार र मुद्दाका आधारमा एकताबद्ध भएर जानुपर्नेमा जोड दिएका छन् ।



तस्बिरः सौजन्य

नेपाल समाजवादी पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै मुलुकको विकास र आर्थिक समृद्धिको यात्रामा सबै राजनीतिक दल एकताबद्ध भएर लाग्नुपर्नेमा जोड दिए । उनले वैकल्पिक नयाँ शक्ति कुनै लहडमा नभई समयको माग र परिस्थिति भएको बताए ।

उनले लोकतान्त्रिक स्थिरताका निम्ति प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र पूर्ण समानुपातिक तर प्रत्यक्ष निर्वाचित व्यवस्थापिका हुनुपर्ने आफ्नो पार्टीको सङ्कल्प रहेको उल्लेख गरे । दुई दशकभित्र देशलाई अति कम विकसित अवस्थाबाट विकसित चरणमा रूपान्तरण गर्न तीव्र आर्थिक वृद्धि, समन्यायिक वितरण, पर्यावरणीय दिगोपन र मानवीय खुशीका चार आयामसहित समृद्धिको कार्ययोजना निर्माण गरिनुपर्ने उनको धारणा थियो ।

जनमत पार्टीका अध्यक्ष डा चन्द्रकान्त (सिके) राउतले नयाँ शक्तिहरूबीच एकताबद्ध भई सडक सङ्घर्षबाटै अघि बढ्नुपर्ने बताए । उनले वैचारिकरूपमा जनमत पार्टी र नेपाल समाजवादी पार्टीको मुद्दा समान रहेकाले आगामी दिनमा सहकार्य गर्न सकिने धारणा राखे ।

आम जनता पार्टीका अध्यक्ष प्रभु साहले अग्रगामी सोचका राजनीतिक शक्तिहरू एकताबद्ध भएर जनताको हितमा सक्रिय हुनुपर्ने बताए । विवेकशील साझा पार्टीका अध्यक्ष समीक्षा बाँस्कोटाले नयाँ खुलेका वैकल्पिक राजनीतिक शक्तिहरूबीच ध्रुवीकरण जरुरी भएको बताइन् ।

नागरिक उन्मुक्ति पार्टीका संयोजक रेशम चौधरीले युवा पुस्ताका नेता र नयाँ विचार बोकेका राजनीतिक दलहरू एकताबद्ध भएर अगाडि बढ्नुपर्ने खाँचो औंल्याए ।

पहिचानवादी मोर्चाका अध्यक्ष खगेन्द्र माखिमले नयाँ शक्तिहरू परिवर्तनको चाहनालाई पूरा गर्न एक भएर लाग्नुपर्नेमा जोड दिए । लेखक खगेन्द्र सङ्ग्रौलाले जुट र फुटको राजनीतिबाट अघि बढिरहेका राजनीतिक शक्तिहरूले मुलुकको निकास दिन नसक्ने दाबी गरे ।

कार्यक्रममा विभिन्न राजनीतिक दलका नेताहरू, नागरिक समाजका अगुवा, अर्थशास्त्री, सञ्चारकर्मी लगायतको सहभागिता थियो ।

विसं २०७३ जेठ ३० गते वैकल्पिक राजनीतिक अभियानका रूपमा नयाँ शक्ति पार्टी स्थापना गरी विभिन्न चरणमा एकता र विभाजन हुँदै अहिले नेपाल समाजवादी पार्टी बनेको हो । सोही दिनको स्मरण गर्दै प्रत्येक वर्ष स्थापना दिवस मनाइँदै आएको समाजवादी पार्टीले जनाएको छ ।

**पाप ...**

निलम्बनमा परेका छन् ।

सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरेको अभियोगमा सर्लाहीको बाग्मती नगरपालिकाका प्रमुख भरतबहादुर थापा, उपप्रमुख लीलाकुमारी मोक्तान, प्रमुख प्रशासकीय अधिकृत विमलकुमार पोखरेल, योजना प्रमुख सागर पौडेल, तत्कालीन लेखा अधिकृत विश्वराज पोखरेल र जिल्ला समन्वय समिति सर्लाहीका तत्कालीन प्रमुख मेथुर चौधरीविरुद्ध मुद्दा दायर भएको हो ।

उनीहरूमाथि ३० करोड २९ लाख ३४ हजार बिगो कायम गरी अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेको छ । आरोपित सबैलाई कायम भएको बिगो छुट्टाछुट्टै असुलउपर गर्नुपर्ने मागदाबी गरिएको छ ।

स्थानीय तहका जनप्रतिनिधिको दम्भमा कानूनविपरीत कार्य गर्दै उनीहरूमाथि माछापोखरी निर्माण अर्थात् भरत ताल निर्माणको आवरणमा सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी व्यापकरूपमा भ्रष्टाचार गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको हो । नगरप्रमुख थापासहित सबै प्रतिवादीविरुद्ध गलत लिखत तयार पारेको, गैरकानूनी हानिनोक्सानी गरेको र गलत प्रतिवेदन तयार पारेकोलगायतका कसूर लगाइएको छ ।

## आजको राशिफल

| | |
|---|---|
| मेष – सुसमाचार | वृष – भयचिन्ता |
| मिथुन – मित्रमिलन | कर्कट – अतिथिआगमन |
| सिंह – अन्नलाभ | कन्या – खर्चवृद्धि |
| तुला – धनलाभ | वृश्चिक – कर्मप्राप्ति |
| धनु – राज्यलाभ | मकर – व्यापारवृद्धि |
| कुम्भ – शत्रुपराजय | मीन – शत्रुपराजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

नेपाल टेलिकम
(नेपाल दूरसञ्चार कम्पनी लि.)
दूरसञ्चार कार्यालय, वीरगंज

**सम्पर्क गर्न आउनेबारे**

मितिः २०८१/०२/३१

यस कम्पनीको दूरसञ्चार कार्यालय वीरगंज र अन्तर्गतका कार्यालयहरूमा टेलिफोन लाइन मर्मतसम्भार तथा नयाँ जडान कार्यको लागि मिति २०८१/०१/१४ गते प्रकाशित NDCL/Birgunj/SQ–02/2080/81 टेम्पो सवारीसाधन भाडामा लिने सिलबन्दी दरभाउपत्र आह्वानको सूचना बमोजिम सिफारिश भएका टेम्पुधनी श्री राजु राम (विरञ्चीबर्वा–६ पर्सा)लाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालयमा सम्पर्क गर्न आउनुहुन अनुरोध छ ।



# निजगढ–२ मा खानेपानी टङ्की ओभरहेडको शिलान्यास

प्रस, वीरगंज, ३० जेठ/

निजगढ नगरपालिका–२ मा खानेपानी ओभरहेड टङ्की निर्माण हुने भएको छ।

बुधवार सिंगोल खानेपानी उपभोक्ता समिति निजगढले आयोजना गरेको कार्यक्रममा पूर्वमन्त्री उमाकान्त चौधरीले खानेपानी टङ्की निर्माणको शिलान्यास गरेका थिए। उपभोक्ता समितिले सवा दुई लाख लिटरको ओभरहेड टङ्की रु ९० लाखको लागतमा निर्माण हुने जनाएको छ।


तस्वीरः प्रतीक

कार्यक्रममा पूर्वमन्त्री कलावती पासवान, नेका बाराका उपसभापति मनोज भट्ट, निजगढका पूर्वनगरप्रमुख सुरेश खनाल, नगर सभापति नवराज तिमल्सिना, तरुण दलका आशिष लामा, जिल्ला अध्यक्ष दीपेन्द्र पटेल, शम्भु बुढाथोकीलगायतको सहभागिता थियो।

# रक्सौलमा तीन दिनमा तीनजनाको शव फेला

नितेश कर्ण, ३० जेठ/

अध्यधिक गर्मी बढेसँगै रक्सौलमा मृतकको सङ्ख्या बढ्दै गएको छ।

रक्सौलको आइसिपी सडकखण्डमा बुधवार एकजना करीब २२ वर्षीय युवकको शव फेला परेको छ। शव शल्यपरीक्षणको लागि बिहार पुलिसले डङ्कन अस्पतालमा लगेको छ। मृतकको भने पहिचान हुन सकेको छैन। मङ्गलवार पनि एकजना वृद्ध उपचार गरेर मोतिहारीबाट घर फर्किने क्रममा शिवशक्ति बसमा मृत भेटिएका थिए।


तस्वीरः प्रतीक

त्यस्तै, रक्सौल ढाला ३४ए नजीक हिजो मङ्गलवार बेलुका करीब ६० वर्षीया एकजना महिलाको शव भेटिएको थियो। मृतक महिलाको सनाखत हुन सकेको छैन। सीमा क्षेत्रका रक्सौलमा केही दिनयतादेखि लगातार मृत व्यक्ति भेटिनु चिन्ताजनक विषय भएको स्थानीयवासीको भनाइ छ।


## बालबालिकाप्रति अभिभावकको भूमिका

- बालबालिकालाई निडर, सिपालु, सक्षम, योग्य र आत्मनिर्भर हुन प्रोत्साहन गरौं,
- बालबालिकाका लागि सुरक्षित एवं तनावरहित वातावरण सृजना गरौं,
- उनीहरूलाई गाली गर्ने, डर देखाउने, अरूसँग तुलना गर्ने र कमजोर बनाउने कार्य नगरौं,
- बालबालिकाको आत्मविश्वास र सृजनशील क्षमता बढाऔं,
- उनीहरूलाई खोज्ने र सिक्ने अवसर प्रदान गरौं,
- बालबालिकालाई अभिभावकसँग सुरक्षित रहेको अनुभूति गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## ७८ प्रतिशत ...

प्रदेशमा सबैभन्दा बढी गण्डकी प्रदेशमा ३५ दशमलव तीन प्रतिशत वडामा र कम सुदूरपश्चिम प्रदेशमा १२ दशमलव एक प्रतिशत वडामा व्यवस्थितस्थल शव गाड्ने स्थलको सुविधा रहेको छ।

कुनै पनि व्यवस्थित शवदाहस्थल शव गाड्ने स्थलको सुविधा नभएका वडा ७३ दशमलव पाँच प्रतिशत छन्। जनगणनामा सङ्कलन गरिएको विवरण अनुसार वडाका स्वास्थ्य संस्थामा उपलब्ध विभिन्न सुविधामध्ये सबैभन्दा बढी खोप सेवा ९५ दशमलव दुई प्रतिशत अर्थात् छ हजार ४१८ वडामा रहेको छ।

सबैभन्दा कम सर्पदंश उपचार सेवा १२ प्रतिशत अर्थात् ८०९ वडामा मात्र उपलब्ध छ। नेपालमा १७ हजार ५९३ टोलबस्ती तथा गाउँ रहेको देखिएको छ। वडाको केन्द्रबाट सबैभन्दा टाढाको गाउँबस्तीसम्म पुगनको लागि प्रयोग गरिने सवारीसाधनमध्ये सवारीसाधन र पैदल दुवै प्रयोग हुने देशभरिका वडा चार हजार ८६४ अर्थात् ७२ दशमलव एक प्रतिशत रहेका छन्। सवारीसाधन मात्रै प्रयोग गरिने वडा तीन दशमलव २७ प्रतिशत रहेका छन्। सवारीसाधन प्रयोग नहुने वडाको सङ्ख्या एक हजार ६६१ अर्थात् २४ दशमलव छ प्रतिशत रहेका छन्।

प्रतिवेदन सार्वजनिक कार्यक्रममा राष्ट्रिय योजना आयोगका सचिव तोयनारायण ज्ञवालीले यो तथ्याङ्कलाई सरकारको नीति तथा कार्यक्रम र बजेटमा जोड्ने र त्यसमा राष्ट्रिय योजना आयोगको समेत भूमिका रहने बताए। "यो तथ्याङ्कले विकासका लागि क्षेत्रगत प्राथमिकता निर्धारणमा सघाउनेछ। दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि सन्दर्भ सामग्रीका रूपमा काम गर्ने र सेवाप्रवाहमा सघाउने अपेक्षा गरेका छौं," उनले भने।

राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी अर्जुनप्रसाद पोखरेलले विकास पूर्वाधार बनाउँदा कुन वडालाई प्राथमिकतामा राख्ने र सम्बन्धित वडामा कस्तो खालको पूर्वाधारको आवश्यकता छ भनेर बुझ्न यो तथ्याङ्कले सहयोग पुऱ्याउने बताए।

# खेलकूदको संसार

## अस्ट्रेलिया विश्वकपको सुपर आठमा प्रवेश

काठमाडौं, ३० जेठ/रासस

अस्ट्रेलिया नामिबियालाई हराउँदै आइसिसी टी–२० विश्वकप २०२४ को सुपर आठमा पुगेको छ।

वेस्ट इन्डिजको सर भिभियन रिचर्ड्स रङ्गशालामा भएको खेलमा अस्ट्रेलियाले नामिबियालाई नौ विकेटले पराजित गर्दै विश्वकपको सुपर आठमा प्रवेश गरेको हो। समूह 'बी'मा रहेको अस्ट्रेलियाले लगातर तेस्रो जीत निकाल्दै विश्वकपको सुपर




आठमा पुगेको हो। अस्ट्रेलियाले यसअघि ओमानलाई ३९ र इङ्ग्ल्यान्डलाई ३६ रनले हराएको थियो।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार नामिबियाले जीतका लागि दिएको ७३ रनको सामान्य लक्ष्य पछ्याएको अस्ट्रेलियाले पाँच दशमलव चार ओभरमा एक विकेट गुमाउँदै पूरा गऱ्यो। अस्ट्रेलियाका लागि ट्रभिस हेडले सर्वाधिक ३४ रनको योगदान दिए। उनी १७ बलमा पाँच चौका र दुई छक्कासहित ३४ रनमा अविजित रहे। त्यस्तै, डेविड वार्नरले २० रन जोड्दा कप्तान मिचेल मार्सले १८ रन बनाए। नामिबियाका डेविड विजाले एक विकेट लिए।

त्यसअघि टस हारेर पहिला ब्याटिङको गरेको नामिबिया १७ ओभरमा सबै विकेट गुमाउँदै ७२ रनमा समेटिएको थियो। नामिबियाका लागि कप्तान जेराल्ड इरास्मसले ४३ बलमा चार चौका र एक छक्कासहित सर्वाधिक ३६ रनको योगदान दिए। त्यस्तै, माइकल भान लिङ्गेनले १० रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन्।

समूह 'बी'मा अस्ट्रेलिया तीन खेलमा छ अङ्कका साथ शीर्ष स्थानमा छ। त्यसैगरी, सोही समूहमा रहेको स्कटल्यान्ड तीन खेलमा दुईमा जीत र एक खेलमा अङ्क बाँड्दै पाँच अङ्कका साथ दोस्रो स्थानमा छ। नामिबिया तीन खेलमा एक जीत र दुई खेलमा हारसहित दुई अङ्कका साथ तेस्रो स्थानमा छ। इङ्ग्ल्यान्ड दुई खेलमा एक अङ्कका साथ चौथो स्थानमा छ। ओमान तीन खेलमा जीतविहीन हुँदै विश्वकपबाट बाहिरिसकेको छ। विश्वकपमा सहभागी प्रत्येक समूहका शीर्ष दुई स्थानमा पुग्ने टोली सुपर आठमा पुग्ने प्रावधान रहेको छ।

## नेपाल र यमनबीचको खेल बराबरीमा टुङ्गियो

काठमाडौं, ३० जेठ/रासस

फिफा विश्वकप २०२६ अन्तर्गत एशियाली छनोटको दोस्रो चरणको अन्तिम खेलमा नेपाल र यमनले समान गोल गरेका



छन्। साउदी अरबको दमामस्थित प्रिन्स मोहमद बिन फहद मैदानमा बुधवार बिहान सखारै समाप्त भएको खेलमा नेपाल र यमनबीचको खेल दुई/दुई गोलको बराबरीमा टुङ्गिएको हो।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमका अनुसार नेपालका लागि फरवार्डरद्वय सञ्जीव विष्ट र जिलेस्पीजङ्ग कार्कीले समान एक/एक गोल गरे। खेलको नवौं मिनेटमा पेनाल्टीमार्फत नेपालले गोल खान पुगेको थियो। बक्सभित्र मनीष डाँगीले यमनका खेलाडी रमी अल–वासमानीमाथि खेल नियम उल्लङ्घन गरेपछि यमनले पेनाल्टी पाएको थियो। पेनाल्टी सदुपयोग गर्दै नसीम अल–गाहवाहीले गोल गरेका थिए।

खेलको २२औं मिनेटमा सञ्जीवले गोल फर्काएका थिए। खेलको ६६औं मिनेटमा नेपालले अग्रता लियो। नेपालका छिरिङ लामाले खेलेको क्रसमा सञ्जीवकै हेडरमा जिलेस्पीले गोल गरे। नेपालको दुई–एक गोलको अग्रता लामो समयसम्म टिक्न सकेन। खेलको दोस्रो हाफको अतिरिक्त समयमा यमनका मोहम्मद अल–दाहीले गोल गरेपछि अन्ततः खेल दुई/दुई गोलको बराबरीमा सकियो।

उक्त छनोट प्रतियोगितामा नेपालले एक अङ्क जोडेको छ। नेपालले यसअघि कुनै पनि गोल गर्न सकेको थिएन। यो खेलसँगै नेपालले समूह चरणका छ खेलमा एक अङ्क जोड्दै विश्वकप छनोटको दोस्रो चरणको यात्राको अन्त्य गरेको छ।

यसअघि नेपाल युएईसँग पहिलो खेलमा चार–शून्य र यमनसँग दुई–शून्यले पराजित भएको थियो। बहराइनसँगको पहिलो खेलमा पाँच–शून्य र दोस्रो खेलमा तीन–शून्यले नेपाल पराजित भएको थियो।

नेपाल रहेको समूह 'एच'मा संयुक्त अरब इमिरेट्स (युएई) १६ अङ्कसहित शीर्षस्थानमा छ भने बहराइन ११ अङ्कसहित दोस्रोमा छ। यी दुई टोली विश्वकप छनोटको तेस्रो चरणमा प्रवेश गरेका छन्। पाँच अङ्कसहित तेस्रो भएको यमन र नेपालले एशियन कप छनोटको तेस्रो चरणमा पनि स्पर्धा गर्नेछन्।

## वर्षाका कारण नेपाल र श्रीलङ्काबीचको खेल रद्द

काठमाडौं, ३० जेठ/रासस

आइसिसी टी–२० विश्वकप क्रिकेट प्रतियोगिता अन्तर्गत नेपाल र श्रीलङ्काबीचको खेल वर्षाका कारण रद्द भएको छ।

अमेरिकाको फ्लोरिडास्थित ब्रोआर्ड काउन्टी मैदानमा बुधवार बिहान सवा पाँच बजेदेखि शुरू हुने भनिए तापनि निरन्तर वर्षा भएपछि खेल रद्द भएको हो। खेल रद्द भएसँगै दुवै टोलीले समान एक/एक अङ्क बाँडेका छन्।

विश्वकपमा नेपालले दुई खेलमा एक अङ्क जोडेको छ भने तीन खेलबाट श्रीलङ्काको पनि समान एक अङ्क नै छ। नेपालको अघिल्लो चरण प्रवेशको सम्भावना कायमै छ। विश्वकपको समूह 'डी'मा रहेको दक्षिण अफ्रिका तीन खेलमा छ अङ्कका साथ सुपर आठमा प्रवेश गरिसकेको छ। बङ्गलादेश र नेदरल्यान्ड्सको समान दुई खेलबाट समान दुई/दुई अङ्क नै छ।

नेपालले अब वेस्ट इन्डिजमा यही जेठ ३२ गते दक्षिण अफ्रिकासँग खेल्नेछ।